आर्थिक समृद्धिको नयाँ यात्रा सुरु गर्ने ... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक १७० • २०७९ साल कार्तिक २९ गते मंगलबार (15 November, Tuesday, 2022) • पृष्ठ ८ • मूल्य रु. ५।-

# सीताराम विवाहपञ्चमीमा उत्तराखण्डका पर्यटन मन्त्री आउने

**टुडे समाचारदाता**

जनकपुरधाम ।हिन्दूहरुको आस्थासित जोडिएको भगवान सीताराम विवाह महोत्सवको प्रमुख अतिथि यस पटक भारत उत्तराखण्डका पर्यटन मन्त्री सतपाल सिंह रावत 'सतपाल महाराज' रहने भएका छन् ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले जानकी मन्दिरको दर्शन पूजा गरेपछि भारत उत्तरप्रदेशका मुख्यमन्त्री योगी आदित्यनाथ रामजानकी विवाह महोत्सवको प्रमुख आतिथ्य गरेका थिए ।

केदारनाथ, बद्रीनाथ लगायतका हिन्दूहरुको आराध्य देवस्थलहरु रहेको उत्तराखण्ड सरकारमा सतपाल महराज मुख्यमन्त्री पछिको दोस्रो वरियतामा रहेका छन् ।भारतीय जनता पार्टीको केन्द्रीय सदस्य समेत रहेका सन्त सतपाल महराज मंसिर १२ गते आयोजना हुने विवाहमहोत्सवको मुख्य समारोहमा सहभागी हुने उनका सहयोगी नवीन कोइरालाले जनाए ।

योग ऋषि स्वामी रामदेव महाराजको पतञ्जली योगपीठ रहेको पवित्र तीर्थस्थल हरिद्वार समेत रहेको उत्तराखण्ड सरकारमा सतपाल महराजले झण्डै १० वटा मन्त्रालयको कार्यभार सम्हालेका छन् ।

सतपाल महाराजले उत्तराखण्डको निर्माणमा महत्वपूर्ण भूमिका खेलेका थिए । सांसद र केन्द्रीय मन्त्रीका रूपमा उनले तत्कालीन प्रधानमन्त्री एचडी देवेगौडा र आईके गुजरालसँग काम गरे । गुजरात र पश्चिम बंगालका मुख्यमन्त्री ज्योति बसुलाई उत्तराखण्डलाई छुट्टै राज्य बनाउन दबाब पनि दिएका थिए । सन् २०१७ मा उनी उत्तराखण्ड विधान सभा निर्वाचनमा चौबत्ताखाल निर्वाचन क्षेत्रबाट विधायकको रूपमा निर्वाचित भएका थिए ।



सन् २०१४ सम्म, सतपाल महाराज मानव उत्थान सेवा समितिका प्रमुख थिए र उनले "ज्ञान" नामक ध्यान प्रविधि सिकाउने काम पनि गरेका थिए । यस आन्दोलन अन्तर्गत, विश्वका धेरै ठाउँका विद्यार्थीहरू आश्रमसँग जोडिएका थिए । जसको प्रधान कार्यालय भारतमा छ । यसले लाखौं सदस्यहरूलाई आकर्षित गरेको दाबी गरिएको छ ।

मन्त्री सतपाल महराजको भ्रमणले मधेश प्रदेशको राजधानी जनकपुरधाम र भारतको उत्तराखण्डबीच धार्मिक, सांस्कृतिक सम्बन्ध विस्तारमा मद्दत मिल्ने छ ।

हाल मधेश प्रदेशको मुख्यमन्त्री मुस्लिम धर्मावलम्बी रहेकाले भारतबाट आउने हिन्दू धर्मस्थलका मुख्यमन्त्री, मन्त्री, प्रधानमन्त्रीलाई स्वागत गरेपनि 'काउण्टर' धार्मिक भ्रमण मधेश प्रदेशबाट हुन सकेको छैन् ।

सीताराम विवाहमहोत्सवमा भारतको अयोध्याबाट जन्ती आउने गरेको छ।महोत्सवमा जनसहभागिता व्यापक रहने भएकाले त्यसको व्यवस्थापनमा स्थानीय निकाय, प्रदेश सरकार र सामाजिक संघसंस्थाहरु जुट्नुपर्ने रामानन्दीय वैष्णव संघका महासचिव महन्थ नवलकिशोर दासले जनाए ।

सप्ताहव्यापी सीताराम विवाहपञ्चमी मंसिर पहिलो सातादेखि सुरु हुने भएको छ । मंसिर ७ गते जनकपुरधाम नगर दर्शन गरी विवाहपञ्चमी विधिवत रुपमा सुरु हुने छ ।

यस वर्ष मंसिर ७ गते पहिलो दिन नगर दर्शन, दोस्रो दिन ८ गते फूलवारी लीला र तेस्रो दिन ९ गते धनुषयज्ञ हुने समय तालिका राखिएको छ । तिलकोत्सव १० गते, मटकोर ११ गते, स्वयंवर १२ गते र रामकलेवा १३ गते गरी सीताराम विवाहपञ्चमी सम्पन्न हुने छन् । अयोध्या नरेशका छोरा राम र मिथिला नरेशकी छोरी सीताबीच त्रेतायुगमा गाँसिएको वैवाहिक सम्बन्धलाई महत्वर्दिंदै जनकपुरधाममा प्रत्येक वर्ष सीताराम विवाहपञ्चमी महोत्सव मनाउने गरिएको छ ।

यस वर्ष पनि धुमधामका साथ विवाहपञ्चमी मनाउने तयारी सुरु गरिएको छ । अतिथि आमन्त्रण तथा भारतबाट जयन्तीलाई निम्तियाउने कार्य भइरहेको जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णवले जनाए ।

भन्सारसँग पनि विवाहपञ्चमीमा आउने श्रद्धालुहरुलाई सहज रुपमा आउन दिन मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दासले अनुरोध गरेका छन् । शौचालय, खानेपानी र सरसफाइका लागि स्थानीय सरकारसँग पनि उनले छलफल जारी रहेको बताउँदै सुरक्षा र सवारी व्यवस्थापनका लागि सुरक्षा निकायलाई उनले आग्रह गरेका छन् । वैवाहिक कार्यक्रमका लागि दुबै पक्षले छुट्टाछुट्टै तयारी गर्न थालेका छन् । वैवाहिक महोत्सवका लागि जानकी मन्दिर क्षेत्रलाई बेहुली झैं सिँगारिनेछ । नेपालको हिन्दू पर्यटन प्रबर्द्धनका लागि सीताराम विवाहमहोत्सव अत्यन्त महत्वपूर्ण भएपनि संघीय सरकारले पूर्ण रुपमा उपेक्षा गरेको छ ।

# महोत्तरी २ मा कांग्रेस कलश बोक्दै, छैनन् ढुक्क भण्डारी

**टुडे समाचारदाता**

जलेश्वर ।महोत्तरी जिल्लाको निर्वाचन क्षेत्र नम्बर २ मा चुनाव जित्ने सदावहार मानिने लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)का वरिष्ठ नेता शरतसिंह भण्डारीका लागि कांग्रेस प्रमुख 'फैक्टर' बनेको छ ।

सत्तारुढ पाँच दलीय गठबन्धनबाट लोसपाका उम्मेदवार रहेका भण्डारीका लागि कांग्रेसको मत पाउने संभावना कमजोर भएको छ ।कांग्रेसको एउटा पक्षले तराई मधेश लोकतान्त्रिक पार्टी(तमलोपा) बाट कलश छापका उम्मेदवार डा.विजय कुमार सिंहलाई सहयोग गरिरहेको अवस्था छ ।कांग्रेसको अर्को पक्षले एमालेका उम्मेदवार डा.रामपरीक्षण यादवको पक्षमा लागेको छ ।


सत्तारुढ गठबन्धनका उम्मेदवार भण्डारीका लागि कांग्रेसको मत विभाजन हुनु जितका लागि सहज पनि भएको बताइन्छ ।तर गठबन्धनको धर्म अनुकूल कांग्रेसले लोसपाका भण्डारीलाई नै मत दिनुपर्ने बताइन्छ ।

२०७४ सालको चुनावमा प्रदेशमा लोसपाबाट निर्वाचित सुरिता साहको टिकट खोसिएपछि उनी स्वतन्त्र उम्मेदवारी दिएकी छन् ।साहले प्रदेशमा आफ्ना लागि मत मागे पनि प्रतिनिधि सभामा कलश छापका लागि मत मागेको चर्चा चलेको छ ।

कांग्रेसले एकजुट भएर भण्डारीको विपक्षमा मतदान गर्ने वातावरण बने उनको जित दोहऱ्याउने यात्रामा 'ब्रेक' लाग्न सक्छ ।तर त्यसको संभावना कम रहेको हरिनारायण साह बताउँछन् ।

हुनत प्रदेश 'ख'बाट कांग्रेसका उम्मेदवार रहेका महोत्तरी कांग्रेसका सभापति नागेश्वर यादव अगाडि देखिएका छन् ।उनको पक्षमा वातावरण बनेको साहले बताए ।

डा.सिंहको गृह क्षेत्र रहेको र समाजिक प्रतिष्ठा समेत अत्यधिक रहेकाले भण्डारीका लागि चुनौती बनेका छन् ।एमालेका डा.यादव पनि प्रतिस्पर्धामा रहेका छन् ।साहका अनुसार कसले जित्ने अहिले नै यकिन भन्न सकिदैन् ।




# नेता निधि अस्वस्थ्य, सभा प्रभावित

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिको अस्वस्थताले पाँच दलीय गठबन्धनको चुनावी सभाहरु प्रभावित भएका छन् ।

खानपानमा सन्तुलन नमिलेको कारण 'फुड प्वाइजन' भएकाले उनको चुनावी सभाको कार्यक्रमहरु रद्द भएको नेपाली कांग्रेसका उपसभापति गणेश झाले जनाए ।

'क्षेत्र नम्बर ३ मा भएका सभाहरुमा निधिको सहभागिता भएन्' उनले भने, निर्वाचन क्षेत्र नम्बर १ र ४ मा मंगलवार हुने सभामा उनको सहभागिता रहने छैन् ।बुटवलको चुनावी सभामा समेत सहभागी नहुने झाले बताए ।

आइतवार अचानक स्वास्थ्यमा समस्या आएपछि उनको चुनावी सभाको कार्यक्रम रद्द भएको थियो ।झाका अनुसार सोमवार साँझ सम्म उनको स्वास्थ्य स्थितिमा व्यापक सुधार आएको छ ।

नेता निधिकै प्रमुख आतिथ्यमा चुनावी सभाहरुको आयोजना गरिएको थियो ।तर उनको अनुपस्थितिमा अन्य नेता र उम्मेदवारहरु सभामा सहभागी भएको बताइएको छ ।

प्रतिनिधि सभाको समानुपातिकतर्फ मधेशी कोटाको १ नम्बरमा नाम रहेकाले निधिको जित सुनिश्चित नै छ । निधिको सर्वाधिक प्रभाव रहेको धनुषा निर्वाचन क्षेत्र नम्बर ३ मा गठबन्धनबाट लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)का उम्मेदवार अनिल कुमार झा रहेका छन् ।

चुनावमा निधिको प्रभावले झा जित्ने आकलन कतिपयले गरिरहेका छन् ।निधिले आफ्नो विचारको भन्दा आफ्ना निकट्हरुको दबाबमा परेर गठबन्धन भन्दा बाहिरको उम्मेदवारलाई सघाउन थालेको बताइन्छ ।




भर्ना खुल्यो ! भर्ना खुल्यो !!
प्राविधिक शिक्षा भविष्यको सुरक्षा
CTEVT बाट सम्बन्धन प्राप्त तथा विश्वविद्यालयहरूबाट समकक्षता प्राप्त यस नेपाल डेण्टल हस्पिटल एण्ड टेक्निकल रिसर्च इन्स्टिच्युट प्रा.लि. जनकपुरधाममा शैक्षिक सत्र २०७९/०८० मा पि.सी.एल. इन डेन्टल साइन्स (डेन्टल हाइजिनिष्ट) ३ वर्षे कोर्षमा भर्ना खुल्यो ।

विशेषताहरू :
१. नेपाल सरकारको विभिन्न स्वास्थ्य संस्थामा काम गर्न एवं लोक सेवा आयोगको परीक्षामा सामेल हुन पाइने ।
२. स्वास्थ्य व्यवसायी परिषद्ले तोकेको कार्य क्षेत्र भित्र रही डेण्टल क्लिनिक/अस्पताल संचालन वा काम गर्न सकिने ।
३. CDS-DH अध्ययन पश्चात स्नातक तहको अन्य विषयमा अध्ययन गर्न पाउनुको साथै नेपालमै Bachelor in Dental Sugery (BDS)/MBBS पढ्न पाइने (+2 Science को समकक्षता)

फाराम भर्ने अन्तिम मिति २०७९ मंसिर ८ गते सम्म

विस्तृत जानकारीका लागि
NEPAL DENTAL HOSPITAL & TECHNICAL RESEARCH INSTITUTE (P.) Ltd.
Janakpurdham - 7, Dhanusha
(भ्रमरपुरा चौक देखि परिक्रमा सडक जाने बाटोमा, जनकपुर ट्रमा सेन्टर हा स्पिटल देखी १०० मी. अगाडि)
Contact No. : - 9844022464, 9817686279, 9804871851

# अवकाशपछि बाख्रापालन व्यवसायमा रमाउँदै हमाल

घोराही । जुद्धबहादुर हमाल सेवानिवृत्त शिक्षक हुनुहुन्छ। जागिरे जीवनबाट अवकाश भएपछि उहाँले बसीबसी आनन्दको जीवन व्यतित गर्न सक्नुहुन्थ्यो तर उहाँ केही नगरी बस्नुभएन । घोराही उपमहानगरपालिका-७ जवरपुरका ५७ वर्षका हमाल अहिले बाख्रापालन व्यवसायबाट मनग्य आम्दानी गर्दै आउनुभएको छ।

विसं २०७५ देखि केही बाख्रा पालेर व्यवसाय सुरु गर्नुभएका उहाँ त्यसपछि सायिकरुपमा जनसेवा बाख्रा तथा कृषि फार्म दर्ता गरेर खसी बोकाको मासु बिक्री र पाठापाठी पनि उत्पादन गर्दै आउनुभएको हो।

रोल्पा रुन्टीगढी गाउँपालिका-३ बाट बसाइँ सरी दाङ झर्नुभएका हमाल लामो समय शिक्षण पेशामा आबद्ध हुनुहुन्थ्यो । बीस वर्षपछि अवकाशप्राप्तपश्चात् खाली समयलाई सदुपयोग गर्दै बाख्रापालन व्यवसाय गर्न थालेको उहाँको भनाइ छ। हमालको परिवार विसं २०५२ सालमा दाङको देउखुरीमा र त्यहाँ करिब २० वर्षको बसाइपछि फेरि घोराही-७ जवरपुरमा बसाइँ सर्दै आएको हो । जगिरको समय सकिएपछि केही काम गर्नुपर्छ भन्ने सोचका साथ कृषि व्यवसायमा आबद्ध भएको उहाँ बताउनुहुन्छ।

"मैले खसी, बोकासँगै बीउका लागि बोयर जातको पाठापाठी बिक्री पनि गर्दै आएको छु", हमाल भन्नुहुन्छ, आफूसँग नभएका मात्र अन्यत्रबाट पाठापाठी खरिद गरेर ल्याउने गरेको छु । हाल मेरो फार्ममा १३/१४ वटा पाठापाठीसहित ८० बढी बाख्रा छन् । यसबाट वार्षिकरुपमा रु १०/१२ लाख जति आम्दानी गर्दै आएको छु ।" यहाँ उत्पादन भएको शुद्ध बोयर जातको बोका तथा पाठीको माग विभिन्न जिल्लाबाट आउने गरेको छ ।

> **"सरकारले पनि किसानले उत्पादन गरेका वस्तुलाई बजारीकरणमा सहजीकरण गर्नुपर्छ", वली भन्नुहुन्छ, "बजारीकरणको समस्या हुँदा किसानले उत्पादन गरेका वस्तुले उचित मूल्यसमेत पाउन सकेका छैनन्"**

"यहाँ उत्पादन भएका बोयर जातको बोका तथा पाठीलाई बीउका रुपमा जिल्लाको विभिन्न ठाउँबाट माग हुने गरेको छ", उहाँ बताउनुहुन्छ, "उत्पादन गर्नसके बजारको कुनै समस्या छैन तर मागअनुसार उत्पादन गर्न सकिएको छैन।"

बाख्रापालनका लागि आवश्यक घाँस हमाल आफैंले उत्पादन गर्दै आउनुभएको छ। उन्नत र आधुनिक जातको घाँस बर्सिम, जै लगाउनाका साथै घाँसको पनि खेती गर्नुहुन्छ । योसँगै मसुरो, गहुँको भुस पनि उहाँले खुवाउने गर्नुभएको छ। डाले घाँसको भने हमाललाई समस्या छैन । बाख्रापालन नै परिवारको मुख्य आम्दानीको स्रोत भएको र यसबाट प्राप्त भएको आम्दानीले छोरा छोरीका लागि शिक्षा तथा घर खर्च मनग्य छ। बाख्रापालनमा उहाँको श्रीमती र छोराले पनि सहयोग गर्दै आएका छन् ।

तुलसीपुर उपमहानगरपालिका-१६ फचकुलुवाका किसान दिपेन्द्र वलीले पनि २०७५ सालदेखि व्यावसायिकरुपमा बाख्रापालन व्यावसाय गर्दै आउनुभएको छ। उहाँसहित अन्य तीन साथी पनि मिलेर उक्त व्यावसाय गर्दै आएका छन् । उनीहरुको फार्ममा हाल पाठापाठी र अन्य गरेर एक सय ५० बढी बाख्रा छन् । सुरुआती चरणमा रु एक करोड २५ लाखबाट व्यवसाय गरेको उक्त समूहले अहिले रु तीन करोड बराबरको कारोबार गर्न सफल भएको छ।

केही रकम बैंकमा ऋण तिर्न बाँकी रहेको वली बताउनुहुन्छ । एकीकृत कृषि तथा पशुपक्षी सहकारी संस्थामार्फत उक्त टोलीले व्यवसाय गर्दै आएको हो । पैसा कमाउनकै लागि विदेशिनुभन्दा आफ्नै देशमा केही गर्नुपर्छ भन्ने सोचका साथ कृषि व्यवसायअन्तर्गत बाख्रापालन गर्दै आएको वलीको भनाइ छ । नेपाल व्यावसायिक बाख्रापालक महासङ्घ दाङ जिल्ला अध्यक्षका अध्यक्षसमेत रहनुभएका वलीले खसीबोका बिक्रीका लागि महासङ्घमार्फत समन्वय गरेर बिक्री गर्दै आएको बताउनुहुन्छ । उक्त फार्ममा बोयर जातका खसीबोका पालिएका छन् ।

बाख्रालाई घाँसका लागि उक्त समूहले सात कठ्ठा जग्गामा घाँस लगाएको छ । पछिल्लो समय भने व्यावसायिकरुपमा कृषि व्यवसाय गर्दै आएका किसानले अनुदान नपाउने र विचौलियाको हातमा पर्ने हुँदा धेरै व्यवसायी बाख्रापालन व्यवसायबाट पलायन हुने अवस्था सिर्जना भएको वली बताउनुहुन्छ । साथै नेपाल व्यावसायिक बाख्रापालक महासङ्घ दाङ जिल्ला अध्यक्ष भएको हुँदा किसानलाई कसरी व्यावसायिक र स्वरोजगारमुखी बनाउन सकिन्छ भन्नेतर्फ लागेको उहाँको भनाइ छ ।

"सरकारले पनि किसानले उत्पादन गरेका वस्तुलाई बजारीकरणमा सहजीकरण गर्नुपर्छ", वली भन्नुहुन्छ, "बजारीकरणको समस्या हुँदा किसानले उत्पादन गरेका वस्तुले उचित मूल्यसमेत पाउन सकेका छैनन् ।"रासस

# कांग्रेसको घरदैलो सम्पन्न



**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषा निर्वाचन क्षेत्र ३ मा पाँच दलीय गठबन्धनका उम्मेदवारहरुले घरदैलो कार्यक्रम सम्पन्न गरेका छन् । सोमबार नगराइन नगरपालिका ३ फुलगामामा अन्तिम घरदैलो गरी आमसभाको आयोजना गरेका थिए। आमसभामा बोल्दै वक्ताहरुले नागरिकताविहीन नागरिकले नागरिकता पाउनु पर्ने जिकिर गरेका थिए।

कार्यक्रममा मुख्य वक्ता प्रतिनिधिसभाका उम्मेदवार एवं लोसपा नेता अनिल झा, प्रदेशसभा सदस्य पदका उम्मेदवार तथा पूर्व मन्त्री रामसरोज यादव र नेपाली कांग्रेसका धनुषा जिल्ला उपसभापति गणेश झा थिए।

प्रतिनिधिसभा संसदबाट दुई दुई पटक नागरिकता विधेयक पास भइ प्रमाणीकरणको लागि राष्ट्रपति विद्या देवी भण्डारी समक्ष पठाउँदा पनि प्रमाणीकरण नगरेको उल्लेख गर्दै नेताहरुले आपत्ति जनाएका थिए। एमाले नेताहरुले नागरिकता विधेयकप्रति दिएको अभिव्यक्तिप्रति उनीहरुले दुःख व्यक्त गरेका छन् ।

नागरिकता अभावमा पाँच लाख भन्दा बढी नागरिक राज्यको सेवासुविधाबाट वञ्चित भएको कांग्रेसका नेता गणेश झाले बताए । 'नागरिकता अभावमा कयौं नागरिक न पढ्न पाएको छ, न स्वास्थ्य सेवा लिन पाएको छ,' उनले भने, 'तर केही नेताहरु र राष्ट्र प्रमुखले यसमा राजनीति गरिरहेका छन् ।'

# प्रचण्ड क्रान्ति र शान्ति दुवैको नायक हुन् : वरिष्ठ नेता पौडेल



गोरखा । नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) शान्ति र क्रान्ति दुवै प्रक्रियाको नायक भएको बताउनुभएको छ।

गोरखाको पालुङटार नगरपालिकामा सोमबार आयोजित चुनावीसभालाई सम्बोधन गर्नुहुँदै उहाँले गिरिजाप्रसाद कोइराला जस्तै प्रचण्ड पनि शान्ति र क्रान्ति दुवैको नायक भएको बताउनुभयो।

"शान्ति र क्रान्ति दुवैको नायक इतिहासमा कमै जन्मन्छन्", वरिष्ठ नेता पौडेलले भन्नुभयो, "प्रचण्ड पनि त्यसमध्येका एक नेता हुनुहुन्छ।" उहाँले कांग्रेसलगायतका गठबन्धनका दलले आवश्यकताअनुसार प्रचण्डलाई गोरखा पठाएको बताउनुभयो।

वरिष्ठ नेता पौडेलले संविधानको रक्षाका लागि गठबन्धन बनेको भन्दै यहीँ अब गठबन्धनले मात्रै राष्ट्रलाई समृद्धिको दिशामा लैजाने बताउनुभयो । "हसियाँ हतौडासँग डराउनुपर्ने अवस्था छैन", उहाँले भन्नुभयो, "रुखले हँसिया हताँडालाई भोट हाल्नुस्, रुखले हँसिया हतौडालाई भोट हाल्नुस यहीँबाट राष्ट्रिय एकता सुरु हुन्छ ।" प्रचण्डले निर्वाचन जितेर गएपछि उहाँले नै देशको नेतृत्व गर्नसक्ने उहाँको दाबी छ। रासस

# समृद्धिको जनआकाङ्क्षा गठबन्धनले पूरा गर्छ : पर्यटनमन्त्री श्रेष्ठ

काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री तथा काठमाडौँ क्षेत्र नं ८ का प्रतिनिधिसभा सदस्य उम्मेदवार जीवनराम श्रेष्ठले जनताको समृद्धिको आकाङ्क्षालाई वाम-लोकतान्त्रिक गठबन्धनले पूरा गर्ने दाबी गर्नुभएको छ।

वाम लोकतान्त्रिक गठबन्धनले सोमबार काठमाडौंको कलङ्कीमा आयोजित कार्यकर्ता भेलालाई सम्बोधन गर्दै मन्त्री श्रेष्ठले सत्तास्वार्थका लागि नभएर राष्ट्रिय आवश्यकताका कारण वाम-लोकतान्त्रिक गठबन्धन बनेको भन्दै समृद्धिको जनआकाङ्क्षा आफूहरुले पूरा गर्ने बताउनुभयो।

प्रतिगमनको खतरा रहेसम्म सत्तारुढ दलबीच रहेको गठबन्धन कायम रहने जानकारी दिनुहुँदै उहाँले अहिलेको चुनावमा प्रतिगमन र अग्रगमनबीचको प्रतिस्पर्धा हुने उल्लेख गर्नुभयो।

सत्ता-गठबन्धनले निर्वाचनमा अत्यधिक बहुमत ल्याउने दाबी गर्नुहुँदै उहाँले राष्ट्र निर्माण, लोकतन्त्र रक्षा र जनताको समृद्धिको चाहना पूरा गर्ने बताउनुभयो। उहाँले देशलाई प्रतिगमनबाट मुलुकलाई बचाउन निर्वाचनमा गठबन्धन एकढिक्क भएको बताउनुभयो।

काठमाडौँ क्षेत्र नं ८ मा आफूले सुरू गरेका कैयौँ परियोजना निरन्तरताका लागि उम्मेदवार बनेको उहाँले जानकारी दिनुभयो। मन्त्री श्रेष्ठले आफ्नो निर्वाचन क्षेत्रलाई नमूना पर्यटकीय क्षेत्रका रुपमा विकास गर्ने आफ्नो योजना रहेको उल्लेख गर्नुभयो।

सम्पदा क्षेत्रका जनताले पर्यटनबाट प्रत्यक्ष लाभ लिने वातावरण बनाउन स्थानीयवासीलाई सीपमूलक तथा आयसोमबार्रनका कार्यक्रममा सामेल गरिने उहाँको भनाइ छ।रासस

# क्लिनिकल कानुनी शिक्षा कार्यक्रममा सहभागी विद्यार्थीलाई तालिम

विराटनगर । पूर्वाञ्चल विश्वविद्यालयले न्यायमा पहुँच बढाउन प्रदेश नं १ का सुनसरी, पाँचथर र भोजपुर जिल्लामा क्लिनिकल कानुनी शिक्षा कार्यक्रम सुरू गर्ने भएको छ। सो कार्यक्रममा सहभागी विद्यार्थीका लागि तीन दिने तालिम सोमबारदेखि विराटनगरमा सुरु भएको छ । तालिम प्राप्त विद्यार्थीले निर्वाचनपछि सुनसरी, पाँचथर र भोजपुर जिल्लाका विभिन्न स्थानीय तहमा क्लिनिकल कानुनी शिक्षा प्रदान गर्ने उक्त विश्वविद्यालयको कला, शिक्षा तथा कानुन सङ्कायका डीन प्रा डा अनिल पोखरेलले जानकारी दिनुभयो।

क्लिनिकल कानुनी शिक्षाले एकीकृत कानुनी सहायता कार्यान्वयन र सुदृढीकरण गर्ने, विद्युतीय न्याय, सुशासनको थालनी र परीक्षण, कानुन कार्यान्वयन, देवानी र फौजदारी न्याय प्रणालीमा सुदृढीकरण, न्यायिक समितिलाई सहयोग, र मानव अधिकार कार्यान्वयन, महिला र सीमान्तकृत समुदायलाई कानुनीरुपमा सशक्तिकरण, विभेद र लिङ्गमा आधारित हिंसाका सम्बन्धमा कानुनी सेवा प्रदान गर्नाका साथै ती विषयमा निःशुल्क कानुन व्यवसायी पनि उपलब्ध गराउनेछ

उक्त विश्वविद्यालयमा अध्ययनरत कानुनका विद्यार्थीले सुनसरी, भोजपुर र पाँचथरका विभिन्न स्थानीय तहमा एक महिनासम्म बसेर कानुनी सेवा प्रदान गर्नेछन्। विराटनगर स्थित कानुनी सेवाका लागि ब्राइट भिजनल कलेजबाट १३, काठमाडौँ स्कुल अफ ल बाट पाँच र चक्रवर्ती हबिब एजुकेशन एकेडेमीबाट १२ गरी ३० विद्यार्थी छनोट भएका छन् । छनोट भएका विद्यार्थीलाई विश्वविद्यालयले तालिम दिएर निर्वाचनपछि कार्यक्षेत्रमा पठाउने तयारी गरेको छ।

महिला, बालबालिका, अपाङ्गता, दलित, जनजाति जस्ता सीमान्तकृत समुदायलाई न्यायमा पहुँच पुऱ्याउने उद्देश्यले कार्यक्रम सुरू गर्न लागिएको विश्वविद्यालयले जनाएको छ । यस कार्यक्रमबाट कानुनी सेवाको गुणस्तर बढाउन, प्रभावकारी सेवाका लागि संरचनात्मक सुधार गर्न र कानुनी सहायतालाई प्रभावकारी बनाउन सहयोगी हुने उक्त विश्वविद्यालयका कला, शिक्षा, कानुन सङ्कायका डीन प्रा डा पोखरेलको भनाइ थियो।

सरकारले निःशुल्क कानुनी सल्लाहाकारको व्यवस्था गरे पनि नागरिकले थाहा नपाएर उक्त सेवा उपयोग गर्न नसकेको, स्थानीय तहमा भएका न्याय समिति प्रभावकारी हुन नसकेकोजस्ता विषयलाई यो कार्यक्रमले समेट्ने छ।

कार्यक्रममा सहभागी विद्यार्थीले ३० दिनसम्म समुदायमा बसेर त्यहाँको कानुनी तथा न्यायको अवस्था, न्यायिक समितिको प्रभावकारिता, घरेलु हिंसाबारे अध्ययन गरी न्याय प्रदान गर्न पहल गर्नेछन्। बालबालिकाका समस्या, महिला, बालबालिका, अपाङ्गता र सीमान्तकृत समुदायको मानवअधिकारको क्षेत्रमा यी विद्यार्थीले काम गर्ने स्कुल अफ लका निर्देशक महेशप्रसाद निरौलाले जानकारी दिनुभयो।रासस

# डा कार्कीको पद लाभको भन्न नमिल्ने सर्वोच्चको ठहर

काठमाण्डु। सर्वोच्च अदालतले ललितपुर-३ मा प्रतिनिधिसभा सदस्यतर्फ राष्ट्रिय स्वतन्त्र पार्टीकी उम्मेदवार डा तोसिमा कार्कीको नेपाल मेडिकल काउन्सिलको सदस्य पद लाभको नभएको आदेश गरेको छ। न्यायाधीश ईश्वरप्रसाद खतिवडा र तिलप्रसाद श्रेष्ठको संयुक्त इजलासले आज डा कार्कीको पदलाई लाभको पद भन्न नमिल्ने व्याख्या गरेको हो।

"निवेदिका नियमितरूपमा पारिश्रमिक वा आर्थिक सुविधा पाउने पदमा बहाल रहेको वा त्यस प्रकारको सुविधा लिएको नभई मेडिकल काउन्सिलबाट अनुगमन गर्दाको सन्दर्भमा भ्रमण भत्ताजस्ता अस्थायी वा भैपरी प्रकृतिका सामान्य रकम भुक्तानी लिएको भन्नेसम्म देखियो', अदालतको आदेशमा भनिएको छ, "यसरी भुक्तानी लिएको कुरालाई नै आधार मानेर नेपालको संविधानको धारा ८७ (१) ङ तथा प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०७४ को दफा १२ ङ को प्रयोजनका लागि 'लाभको पदमा बहाल रहेको' भनी मान्न मिल्ने देखिएन।'

सर्वोच्च अदालतको अन्तरिम आदेश बदर गर्न माग गर्दै निर्वाचन आयोगले दर्ता गरेको भ्याकेट निवेदनमाथि सुनुवाइ गर्दै अदालतले सो आदेश गरेको हो । निर्वाचन आयोगले डा कार्की नेपाल मेडिकल काउन्सिलको निर्वाचित सदस्य रहेको र उक्त पद लाभको पद भएको उल्लेख गर्दै यही १२ कात्तिकमा उम्मेदवारी खारेज गर्ने निर्णय गरेको थियो।

आयोगको उक्त निर्णयविरुद्ध डा कार्की सर्वोच्च अदालत जानुभएको थियो । सर्वोच्च अदालतले कार्कीको उम्मेदवारी खारेज गर्ने निर्वाचन आयोगको निर्णय तत्काल कार्यान्वयन नगर्न यही कात्तिक १५ गते अन्तरिम आदेश दिएको थियो । अदालतको उक्त आदेश खारेज गर्न माग गर्दै निर्वाचन आयोगले यही कात्तिक १८ गते भ्याकेट निवेदन दर्ता गरेको थियो। अदालतको आदेशसँगै डा कार्कीको उम्मेदवारी कायम रहनेछ।रासस

# 'चिसोमा मधुमेहका बिरामी सचेत हुनुपर्छ'

काठमाण्डु । चिसोयाममा मधुमेहका बिरामी थप सचेत हुनुपर्नेमा जोड दिइएको छ । विश्व मधुमेह दिवसको अवसरमा सोमबार यहाँ आयोजित कार्यक्रमका वक्ताले चिसोमा मधुमेहका बिरामीले आफ्नो स्वास्थ्यमा थप ध्यान दिनुपर्ने बताएका हुन्।

वीर अस्पतालका इण्डोक्राइम विशेषज्ञ डा दीपक मल्लले भन्नुभयो,"मधुमेह भएकाहरू घाम उदाउनुअघि मर्निङ वाकमा जानु हुँदैन । खाली पेटमा हिँड्ने काम पनि उनीहरूका लागि घातक सावित हुन सक्छ। त्यसैले चिसोको समयमा मधुमेह भएकाले विशेष ध्यान पुऱ्याउनुपर्छ।' उहाँका अनुसार पछिल्लो समय खानपान र तनावका कारण विदेशबाट फर्किने व्यक्तिहरूमा बढी मधुमेह देखिएको छ । पछिल्लो समय युवा उमेर समूहमा मधुमेहको समस्या बढेको उहाँको भनाइ छ।

'देशभर मधुमेह शिक्षा, भोलिको सुरक्षा' भन्ने नारासहित आज मधुमेह दिवस मनाइएको छ। नेपालमा मधुमेहका बिरामी कति छन् भन्ने यकिन तथ्याङ्क सङ्कलन भएको छैन । विश्व स्वास्थ्य सङ्गठन( डब्लुएचओ)का अनुसार मधुमेहबाट झण्डै पाँच लाख मानिस प्रभावित छन् । सन् २०३० सम्म यो स¥ंया १५ लाख पुग्ने अनुमान गरिएको छ।

स्वास्थ्य तथा जनस¥ंया मन्त्रालयका सचिव देवकुमारी गुरागाईंले मधुमेहलाई सामान्य समस्या सोचेर हेलचेक्राइ नगर्न आग्रह गर्नुभयो । उहाँले सचेतपूर्वक मधुमेहको समस्यामा ध्यान दिए आयु लम्ब्याउन सकिने विश्वास व्यक्त गर्नुभयो।

मधुमेहले आँखा, मिर्गौला, मुटु र खुट्टामा असर पार्छ । मधुमेहबाट पक्षघातको जोखिम पनि उत्तिकै हुन्छ । परिवारमा नजिकको सदस्यलाई मधुमेह भएमा, गर्भावस्थामा मधुमेह देखिएमा, आवश्यकताभन्दा बढी तौल, उच्च रक्तचाप र धेरै शारीरिक परिश्रम गर्न नपर्ने जीवनशैली भएका व्यक्तिमा मधुमेहको बढी जोखिम हुने चिकित्सक बताउँछन् । मधुमेहका मुख्य लक्षण बढी प्यास लाग्नु, पिसाब बढी हुन थाल्नु, राति पिसाब फेर्न उठ्नुपर्ने, दुब्लाउनु, कमजोर अनुभव हुनु, शरीर चिलाउने, बढी भोक लाग्ने, छालामा धाउ खटिरा आउने, आखाँ कमजोर हुने र यौनक्रम घट्ने हुन्छ। यद्यपि सबै लक्षण एकैपटक देखिँदैन ।

गर्भावस्थाको मधुमेह(गेस्टेसनल डायविटिज मेलिटस) को जोखिम पनि धेरै हुन्छ । मधुमेहका बिरामीले खुट्टामा चोट पटक र घाउ लाग्न नदिन सचेत हुनु चिकित्सकको सुझाव छ । मधुमेहको धेरै प्रकारमध्ये टाइप दुई डायविटिज नेपालीमा धेरै देखिने गरेको छ।रासस

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : वाद विवादबाट बच्नु । |
| बृष | : अवसर प्राप्त । |
| मिथून | : प्रतिभा सम्पन्नता । |
| कर्कट | : धन बृद्धि सञ्चय । |
| सिंह | : प्रेम प्रसंग, मित्र सुख । |
| कन्या | : पारिवाहिक सुख । |
| तुला | : सुख समृद्धि हुने । |
| बृश्चिक | : भ्रमण अवसर हुने । |
| धनु | : पुरस्कार प्राप्त लाभ । |
| मकर | : बौद्धिक क्षमता । |
| कुम्भ | : नयाँ कार्य हुने । |
| मीन | : शिक्षामा उन्नति । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

## कूटनीतिक नियोगलाई निर्वाचनबारे जानकारी

काठमाण्डु । निर्वाचन आयोगले काठमाडौँस्थित कूटनीतिक निकायका प्रमुख तथा प्रतिनिधिहरूलाई मङ्सिर ४ गते हुने प्रतिनिधिसभा प्रदेशसभा सदस्य निर्वाचन, २०७९ का बारेमा आयोगको कान्तिपथस्थित कार्यालयमा सोमबार आयोजित कार्यक्रमबीच जानकारी गराएको छ ।

कार्यक्रममा प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, पारदर्शी, भयरहित बनाउन भएका तयारीबारे भनाइ राख्दै उक्त प्रयासमा अन्तर्राष्ट्रिय समुदायले पुऱ्याएको सहयोग र देखाएको सदायशताको प्रशंसा गर्नुभयो ।

प्रमुख आयुक्त थपलियाले विगतका निर्वाचनका अनुभवले आगामी निर्वाचनमा थप सुधार गर्नको निमित्त सहयोग पुग्ने बताउनुभयो ।

आयोगका आयुक्त, उच्च अधिकारी सहभागी कार्यक्रममा काठमाडौँस्थित २० भन्दा बढी कूटनीतिक निकायका प्रमुख तथा प्रतिनिधिका साथै प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय, गृह मन्त्रालय र परराष्ट्र मन्त्रालयका प्रतिनिधिकोसमेत सहभागिता रहेको थियो ।

कार्यक्रममा आयोगका उपसचिव एवं योजना, अनुगमन तथा वैदेशिकसम्बन्ध शाखाका प्रमुख कमल भट्टराइले निर्वाचनसम्बन्धी विविध जानकारीको प्रस्तुतीकरण गर्नुभएको थियो ।रासस

# समोसा बेचेर लाखौं कमाई गर्दै राउत

**टुडे समाचारदाता**

मलंगवा । लिटी र समोसा बेचेर महिनाको लाखौं रुपैया



आम्दानी गर्दै छन, मलंगवाका एकजना व्यापारी ।

सर्लाहीको सदरमुकाम मलंगवा नगरपालिका वार्ड नं.१० का नागेन्द्र राउत लिटी र समोसा बेचेर महिनाको लाखौं रुपैया आम्दानी गदै आएको बताएका छन् । खाने मुखलाई जुगांले छेक्दैन भन्ने उखानलाई राउतले चरितार्थ गरेर देखाएका छन् ।

विगत ३५ वर्षदेखि उनी लिटी र समोसा बेच्दै आएका छन् । मलंगवा नगरपालिका वार्ड नं. ८ स्थित दुर्गा मंदिरको छेउमा उनी ३५ वर्ष पहिला जसरी ठेला गाडा लगाएर लिटी र समोसा बेच्ने गरेका थिए अहिले पनि उनी सोही स्थानमा समोसा लिटी बेच्दै गरेको देखिन्छ ।

समोसा लिटी र अचारको पारखीहरु बाहिरबाटसमेत आउने गरेको राउत बताउँछन । अचेल उनको समोसा लिटी लिन ग्राहकहरु लाइनमै बसेको देखिन्छन ।

मलंगवा भरिमा सबै भन्दा स्वादिलो लिटी र समोसा अनि अचार त्यसपछि भुजिया राउतकै पसलमा खान पाइन्छ, सर्लाही मालपोत कार्यालयमा कार्यरत महेन्द्र महतोले बताए ।

# एमाले परित्याग गरी सयौं कार्यकार्ता कांग्रेसमा प्रवेश

जनकपुरधाम । धनुषाको मिथिला नगरपालिका वडा नं. ६ ढल्केवरमा सयौं जनाले नेकपा एमाले पार्टी परित्याग गरी नेपाली कांग्रेसमा प्रवेश गरेका छ्न् ।

एमाले पार्टीका नेतृत्वप्रति असन्तुष्टी जनाउँदै ढल्केवरस्थित मगरटोलका मोहन खप्तरीको नेतृत्वमा सयौं जना एमाले परित्याग गरी कांग्रेसमा प्रवेश गरेका छन ।

एमालेको लालकिल्ला भनेर चिनिने मगरटोलका सयौं जना कांग्रेसमा प्रवेश गरेपछि धनुषामा एमाले कमजोर हुने अनुमान गरिएको छ ।

नवप्रवेशीहरुलाई नेपाली कांग्रेस सह-महामन्त्री तथा धनुषा-४ प्रतिनिधिसभा सदस्यका उम्मेदवार महेन्द्र यादवले दोश्ल्ला लगाएर पार्टीमा स्वागत गरेका थिए ।

कांग्रेस प्रवेश गरेकाहरुलाई नेकपा एकीकृत समाजवादीका नेता तथा धनुषा-४ 'ख' प्रदेशसभा सदस्यका उम्मेदवार शत्रुधन महतोले समेत स्वागत गरेका थिए । नव प्रवेशीहरुले



नेकपाको कार्यशैलीप्रति चरम असन्तुष्टि जनाउँदै नेकपा परित्याग गरेको सामूहिक घोषण गरी कांग्रेसमा प्रवेश गरेका छन् ।

हाल समाजमा मौलाउदै गएको बेथिति, विसङ्गति जनप्रतिनिधिको उन्माद, घमण्ड साथै विकासको नाममा भएको चरम भ्रष्टाचारले सीमा नाघेको हुँदा एमाले परित्याग गरेको उनीहरूले बताएका छन् । अब नेपाली कांग्रेसको भूमिका महत्वपूर्ण हुने र समाज रूपान्तरणमा कांग्रेसले महत्वपूर्ण योगदान दिन सक्ने कुरामा आफूहरू विश्वस्त रहेको नवप्रवेशीहरुले बताए ।

# परीक्षाको सामान्य गोपनीयता नै नराखेपछि...

काठमाण्डु । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मध्यपश्चिमाञ्चल विश्वविद्यालय मानविकी र सामाजिकमा शास्त्र सङ्कायका डीन र सहप्राध्याक विरुद्ध आज विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

आयोगका अनुसार सो विश्वविद्यालय सुर्खेतका सहायक डीन एवं परीक्षा समितिका संयोजक कमलेश डिसी र अङ्ग्रेजी विषयका विज्ञ एवं सहप्राध्याक डा विनयकुमार दास विरुद्ध परीक्षाको सामान्य मूल्य-मान्यता विपरीतको गतिविधि गरेको तथा प्रश्नपत्रको गोपनीयता भङ्ग गरेको अभियोगमा मुद्दा दायर गरिएको हो । अनुत्तीर्ण हुने प्रकृतिको उम्मेदवारलाई उत्तीर्ण गराएको र उत्तीर्ण हुने उम्मेदवारको उत्तरपुस्तिकमा पटकपटक केरमेट गरी घटाएर अनुत्तीर्ण गरे गराएको देखिएको, अन्तरवार्ताका क्रममा अन्तरवार्ता अगावै सहभागी उम्मेदवारको उत्तरपुस्तिका माग गरी सम्बन्धित परीक्षार्थीको सिम्बोल नम्बर राखेर सङ्केत गरेको पाइएको आयोगको ठहर छ । अङ्ग्रेजी विषयमा विज्ञसमेत रहेका दासले परीक्षाको सामान्य मूल्य र मान्यता नराखेको पाइएको छ ।

परीक्षा समितिका संयोजक सहायक डीन डिसीले पनि त्यस्तै खालको बदमासी गरी भ्रष्टाचार गरेको पाइएको आयोगले जनाएको छ । आयोगका प्रवक्ता श्यामप्रसाद भण्डारीका अनुसार उनीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १३ बमोजिमको कसुरमा कारबाहीको माग गरिएको छ ।रासस

# घट्यो पेट्रोलियम पदार्थको खपत

काठमाण्डु । पछिल्लो समय पेट्रोलियम पदार्थको खपतमा कमी आउन थालेको छ । नेपाल आयल निगमले गत आर्थिक वर्षको तुलनामा चालु आवमा पेट्रोलियम पदार्थका खपतमा कम भएको जानकारी दिएको छ ।

यसअघि चाडपर्व तथा निर्वाचनका समयमा पेट्रोलियम पदार्थको खपतमा वृद्धि हुने भए पनि आसन्न निर्वाचन नजिकिए पनि पेट्रोलियम पदार्थको खपतमा वृद्धि हुन नसकेको निगमका प्रवक्ता विनितमणि उपाध्यायले जानकारी दिनुभयो । उहाँका



अनुसार गत वर्षको कात्तिक महिनाको तुलनामा चालु वर्षको कात्तिक महिनामा पेट्रोल तथा डिजेलको खपतमा ठूलो परिमाणमा कमी आएको छ ।

२०७८ को कात्तिक २३ गतेसम्म (कात्तिक महिना) ६३ हजार ३१५ किलोलिटर पेट्रोल र एक लाख ३५ हजार आठ सय १२ किलोलिटर डिजेलको खपत भएको थियो । जबकी २०७९ को कात्तिक २३ गतेसम्म ४४ हजार पाँच सय १३ किलोलिटर पेट्रोल र ७८ हजार चार सय २६ किलोलिटर मात्रै डिजेल खपत भएको छ ।


तरलता अभाव तथा विकास निर्माणको सिजन नहुँदा निर्माणका काम ठप्प हुँदा, तेलको मूल्यमा वृद्धि, नेपाल र भारतको तुलनामा पछिल्लो समय नेपाली बजारमा तेलको मूल्य धेरै हुँदा खपत घटेको हो । ट्याङ्कर चालकले भारतमै तेल हाल्दा, सीमा नजिक हुनले भारतमै पेट्रोलियम पदार्थको खरिद गर्दा खपतमा कमी आएको हुनसक्ने निगमको अनुमान छ ।रासस

# मत हाल्ने बारे अन्योल

**टुडे समाचारदाता**

सप्तरी । राजविराज नगरपालिका- ९ मलेठका रमेश मरिकलेएफएमरेडियोबाटआगामी मंसिर ४ गते हुन गइरहेको प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनबारेको सूचना पाए पनि कसरी मत हाल्ने भन्नेमा उनी अन्योलमा छन् ।

गाउँदेखि सहरसम्म चुनावको




चर्चाले व्यापकता पाइरहँदा डोम बस्तीमा भने अझै कुनै चुनावी चहलपहल छैन । त्यसका कारण मरिक आगामी निर्वाचनमा कुन उम्मेदवारलाई मत हाल्ने र कसरी मत हाल्नेमा अन्योलमा छन ।

निर्वाचनको मिति नजिकिँदै जाँदा मत माग्न डोम बस्तीमा अहिलेसम्म उम्मेदवार तथा दलका नेता कार्यकर्ता नपुग्दा त्यस बस्तीका बासिन्दा बेखर जस्तै भएका छन् ।

'नत अहिलेसम्म कुनै नेता भोट माग्न आएका छन्, नत भोट कसरी हाल्ने भन्ने सिकाउन कोही आएका छन', मलेठस्थित डोम बस्तीका मरिकले भने,'रेडियो एफएमबाट चुनाबकाबारे खबर त पाएका छौं, तर कसरी भोट हाल्ने भने हामीलाई केही थाहा छैन् ।'

सो बस्तीदेखि करिब एकसय मिटरपूर्वमा बाम-लोकतान्त्रिक गठबन्धनका उम्मेदवारको सम्पर्क कार्यालय छ भने पाँचसय मिटर दक्षिणमा एमाले-जसपा तालमेलका उम्मेदवारको सम्पर्क कार्यालय छ ।

राजविराज-रुपनी सडक खण्डको छेउमै रहेको उक्त बस्तीमा सात घरपरिवार डोम समुदायको बसोबास छ । सुँगुरपालनसँगै बाँसको सामग्री बनाएर गुजारा गर्दै आएका डोम बस्ती शिक्षा, स्वास्थ्य, सडक, खानेपानी, रोजगारीलगायतका अवसरबाट वञ्चित छ ।

बिहान र बेलुकाको जोहो गर्न मजदुरी गर्नमै व्यस्त रहने ती बस्तीका बासिन्दा राजेश मरिकले भन्नुभयो,'पटकपटकको चुनावमा मत हालेर प्रतिनिधि जिताएर पठाए तर, कसैले आफूहरुको समस्या बुझ्न सकेको छैन ।'त्यसैले आफूहरुको समस्या बुझ्ने र समस्या समाधान गर्ने उम्मेदवारलाई मत दिने उनको भनाइ छ ।

निर्वाचनका बेला आफूहरूलाई भोट बैंकका रूपमा प्रयोग गरे पनि चुनाव जितेपछि नेताहरू आफूहरुको बस्तीमा फर्केर नआउने गरेकामा यहाँका मतदाता दुःखी भएका छन् ।

मलेठस्थित आधारभूत विद्यालयसँगै टाँसिएको डोम बस्तीका डोम परिवार ऐलानी जग्गामा बसोबास गर्दै आएका छन् । फुसको छाप्रो हालेर बस्दै आएका त्यहाँका बासिन्दाले आफूहरुका लागि सुरक्षित घर बनाइदिने उम्मेदवारलाई यसपालि मतदान गर्ने बताएका छन् ।

'हामीले मत दिएर नेताहरुलाई जिताएर पठाउँछौं तर हाम्रो अहिलेसम्म नत उचित बासको व्यस्था हुन सकेको छ नत हाम्रो रोजगारीकै सुनिश्चितता हुन सकेको छ', कारी मरिकले भने हाम्रो भोट लिएर थुप्रै नेताहरु कुर्सीमा पुगे, तर हाम्रो समस्या ज्यूँका त्यूँ छन् ।'

त्यसैले सुरक्षित घर बनाइदिने उम्मेदवारलाई मात्र आफूहरुले मतदान गर्ने उनको भनाइ छ । 'चुनावका बेला यो गर्दिन्छु, त्यो गर्दिन्छु भनेर मत लिने, तर चुनाव जितेपछि हाम्रो समस्या बुझ्न एकपटक आउँदैन', स्थानीय रेखा मरिकले भनिन, 'मत हाल्न हामी आतुर छौँ, तर कसलाई र कसरी मत हाल्नेमा अन्योलमा छौँ ।'

यता बाम-लोकतान्त्रिक गठबन्धनका प्रदेशसभा सदस्य पदका उम्मेदवार उमेशकुमार यादवले घरदैलोमा व्यस्त भएकाले सो बस्तीमा पुग्न नसकेको र आजभोलिसम्ममा पुग्ने बताएका छन् । 'अरु कुनै कारणले होइन, व्यस्तताका कारण मत माग्न नभ्याएको हो', उनले भने,'सकेसम्म आजै वा भोलिसम्म त्यो बस्तीमा पुग्छौं ।'

उक्त क्षेत्रबाट प्रतिनिधिसभातर्फ एमाले-जसपा तालमेलबाट जसपा अध्यक्ष उपेन्द्र यादव, बाम लोकतान्त्रिक गठबन्धनबाट लोसपाका जयप्रकाश ठाकुर र जनमत पार्टीका अध्यक्ष डा सीके राउत लगायतका उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन् । तीनै उम्मेदवारबीच त्रिपक्षीय प्रतिस्पर्धा हुने आकलन गरिएको छ ।

सप्तरी सदरमुकाम र राजविराजसहित महदेवा गाउँपालिका, छिन्नमस्ता गाउँपालिका तथा तिलाठी कोइलाडी गाउँपालिका रहेको यस क्षेत्रमा कूल ९५ हजार तीन सय ९४ मतदाता छन् । स्थानीय तहको निर्वाचनमा यस क्षेत्रमा तीमध्ये ६४ प्रतिशत अर्थात् करिब ६२ हजार मत खसेको थियो ।

गत वैशाख ३० गते सम्पन्न स्थानीय तह निर्वाचनमा महदेवा गाउँपालिका र छिन्नमस्ता गाउँपालिकामा लोसपाले जितेको छ भने कांग्रेसले तिलाठी कोइलाडी तथा जसपाले राजविराज नगरपालिकामा जीत हात पारेको छ । यसपटक निर्वाचनामा पनि स्थानीय तहकै जति मत खस्ने अनुमान गरिएको छ ।

विसं २०७४ को निर्वाचनमा यस क्षेत्रबाट तत्कालीन राजपा र कांग्रेससमेतको साथ पाएर तत्कालीन संघीय समाजवादी फोरम नेपालबाट उम्मेदवार बनेका उपेन्द्र यादवले जित हात पारेका थिए ।

# निर्वाचन आचारसंहिता कार्यान्वयनका ४८ दिन, एक सय ४९ उजुरी, एक सय १६ स्पष्टीकरण

काठमाण्डु । निर्वाचन आयोगले आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचनका लागि कडाइका साथ प्रस्तुत भई निर्वाचन आचारसंहिता, २०७९ कार्यान्वयनमा ल्याएको ४८औँ दिनसम्ममा डेढ सय उजुरी परेका छन् ।

आयोगबाट गठित केन्द्रीय निर्वाचन अनुगमन समितिले केन्द्र र जिल्लास्तरमा संयन्त्र बनाई आचारसंहिताको कार्यान्वयन गर्दै आएको छ । दल र राजनीतिक दल तथा सम्बन्धित पक्ष आफैँ सचेत र संयमित भएकाले विगतका निर्वाचनको तुलनामा यस पटक कमै मात्रामा उल्लङ्घनका घटना देखिएका छन् । गत असोज १२ गतेदेखि उक्त आचारसंहिता कार्यान्वयनमा आएको थियो भने कात्तिक १७ देखि मङ्सिर १ गतेसम्म दल र उम्मेदवारले आमसभा, कोणसभा, जुलुस र सञ्चारमाध्यमका माध्यमबाट प्रचारप्रसारका लागि निर्धारण गरेको थियो । मङ्सिर १ गते राति १२ बजेदेखि मतदानको दिनसम्म निर्वाचन प्रचारप्रसार निषेध (स्थिर अवधि) मानिनेछ ।

निर्वाचन आयुक्त रामप्रसाद भण्डारीले निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष एवं भयरहित बनाउन कडाइका साथ आचारसंहिता कार्यान्वयन गर्ने/गराउने निर्णय गर्दै आएको र त्यसका अनुगमन नियमितरूपमा भइरहेको बताउनुभयो । उहाँका अनुसार हालसम्म विभिन्न माध्यमबाट एक सय ४९ वटा उजुरी परेका आवश्यक चाँजबुझ गरी एक सय १६ वटा स्पष्टीकरण सोधिएकामा नौवटा घटनामा कारबाही, सचेत र निर्देशनसमेत गरी निर्णय भइसकेको छ । केन्द्रीय निर्वाचन अनुगमन समितिका संयोजक भण्डारीले स्पष्टीकरण सोधिएकामध्ये ३५ वटा घटनामा निर्णयका लागि आवश्यक कागजात र फाइलहरू तयार भइसकेकाले चाँडै किनारा लगाइनेछ । यसबीचमा उक्त केन्द्रीय समितिको दुईवटा बैठक सम्पन्न भएका छन् ।

राजनीतिक दल तथा उम्मेदवारबाट हुन सक्ने निर्वाचन आचारसंहिता उल्लङ्घन तथा निर्वाचन खर्चको हदबमोजिम कार्यान्वयनका सम्बन्धमा आफ्ना स्थानीय संरचना परिचालन गरी सूक्ष्म अनुगमन गर्न र सोको विवरण आयोगमा उपलब्ध गराउन नेपाल प्रहरी र राष्ट्रिय अनुसन्धान विभागलाई आयोगले यसअघि निर्देशन दिइसकेको छ भने आचारसंहिता विपरीत कार्य गर्ने सरकारी कर्मचारी, प्राध्यापक, शिक्षक तथा अन्य सम्बद्ध व्यक्तिलाई तत्काल विभागीय कारबाही गर्न सम्बन्धित कार्यालयका प्रमुखलाई निर्देशन दिइएको छ ।

विभिन्न मन्त्रालयका सचिवहरू र सुरक्षा निकायका प्रतिनिधि सहभागी समितिको आइतबारको बैठकले समितिको आजको बैठकले कसैलाई डर, त्रास, धाक, धम्की प्रलोभन दिनेजस्ता कार्य गरेको लगायतका क्रियाकलाप भए/गरेको पाइएमा निगरानी राखी तत्काल जानकारी गराउने र कारबाही गर्नुपर्ने विषयमा कारबाही प्रारम्भ गर्न जिल्ला आचारसंहिता अनुगमन समिति, निर्वाचन अधिकृत र अनुगमन अधिकृतलाई निर्देशन दिएको छ । जल्ला आचारसंहिता अनुगमन समितिले आफैँ स्पष्टीकरण र कारबाही गरेका विवरणहरू भने आयोगले तयार गरिसकेको छैन । आयोगले कडाइका साथ निर्वाचन आचारसंहिता कार्यान्वयन गर्न सबै जिल्लाका निर्वाचन आचारसंहिता अनुगमन अधिकृत (कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख) लाई निर्वाचन आचारसंहिता, २०७९ को दफा १३ को उपदफा (२) मा सो दफाको उपदफा (१) को खण्ड (ज) विपरीत कसैको निजी घरजग्गामा वा सार्वजनिक भवन, सार्वजनिक उद्यान, सडकका पोल वा कुनै पनि सार्वजनिक स्थानमा दलको झण्डा, दल वा उम्मेदवारको निर्वाचन चिह्न राखेमा सम्बन्धित निर्वाचन क्षेत्रको सम्बन्धित उम्मेदवारले राखेको मानी कारबाही हुने स्पष्ट व्यवस्था भएको स्मरण गराउँदै आएको छ ।

निर्वाचन आचारसंहिता तथा निर्वाचन (कसुर र सजाय) ऐन, २०७३ विपरीत त्यस्तो प्रचार सामग्री राखिएको, भित्तेलेखन गरिएको, तुलब्यानर टाँगिएको, डिजिटल डिस्प्ले गरिएको, पर्चा टाँसिएको अवस्थामा सम्बन्धित उम्मेदवारलाई स्पष्टीकरण सोधी २४ घण्टाभित्र त्यस्तो सामग्री हटाउन वा त्यस्तो स्थान दुरुस्त गर्न लगाउने र सो बमोजिम नगरेमा निजलाई निर्वाचन आयोग ऐन, २०७३ को दफा २३ को उपदफा (३) वा (४) बमोजिम जरिवाना गर्ने तथा उम्मेदवारी रद्द गर्ने कारबाही किन नगर्ने भनी स्पष्टीकरण सोधी कारबाहीका लागि सिफारिससाथ आयोगमा लेखी पठाउन पनि आयोगले निर्देशन दिएको छ ।रासस


**रोजगार बनौ । Admission Open रोजगार बनौ ॥**

जनकपुर अंचल भरीमै लगातार उत्कृष्ट रिजल्ट ल्याउन सफल एक मात्र सु-प्रसिद्ध तालिम केन्द्र

**शंकर टेक्निकल**

शैक्षिक सत्र २०७९/२०८० मा डिप्लोमा तथा प्रि-डिप्लोमा तहको पूर्ण शुल्किय तर्फ केही सिट मात्र खाली रहेको हुनाले पुनः प्रवेश परीक्षा संचालनका लागि आवेदन फारम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना

**DIPLOMA PROGRAMME**

◆ ल्याब टेक्निसियन (CMLT) ३ वर्षे

**PRE-DIPLOMA PROGRAMME**

◆ बिद्युत सब- ओभरसियर (E.S.O.) १८ महिना
◆ सिभिल सब- ओभरसियर (E.S.O.) १८ महिना
◆ सर्भे ईन्जिनियरिङ्ग (अमिन नापी) १८ महिना

कोर्षहरुमा Diploma को लागि S.L.C. तथा SEE मा न्यून्तम 2GPA तथा प्रि-डिप्लोमाको लागि SLC तथा SEE मा E ग्रेड सम्मका विद्यार्थीहरु नयाँ भर्नाको लागि सर्म्पक गरेर आ-आफ्नो सिट सुरक्षित राखी मौकाको फाइदा उठाउनु होस् ।

**फारम भर्ने अन्तिम मितिः–** २०७९/मंसिर/०८ गते सम्म

**पुनः प्रवेश परीक्षा हुने मितिः–** २०७९/मंसिर/१० गते शनिबार विहान ८:०० बजे

**सर्म्पक स्थान**

**शंकर टेक्निकल ट्रेनिङ्ग सेन्टर**

जिरोमाईल (कबरगाह देखी दक्षिणपट्टी जाने बाटोमा) जनकपुरधाम

फोन नं. ०४१-४२१३६२, ९८४४०३८३६७, ९८१२०९१४६४



सुर्यमुखी फुल में मोहर लगा क

धनुषा निर्वाचन क्षेत्र नं. ३ के

प्रतिनिधिसभा सदस्य के स्वतन्त्र उम्मेदवार

**अमरेन्द्र कण्ठ** के

अत्यधिक मत स जिताउ





चुनाव चिन्ह

सुर्यमुखी फुल

Facebook Page-
**SuryaMukhi Ful**

Facebook Profile Name -
**Amarendra Kantha**

सुर्यमुखी करे सब के प्रतिनिधि




**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# पार्टी प्रवेश पनि महँगो

प्रतिनिधि र प्रदेशसभाको चुनावका लागि मतदान हुन ६ दिन बाँकी रहँदा पनि दलबदलको क्रम जारी छ। दलबदल गर्ने क्रम बढनुको कारण आर्थिक लेनदेन भएको बुझिन्छ। उम्मेदवारहरुले मत किन्ने व्यक्ति र स्थानीय नेताहरुलाई पार्टीमा प्रवेश समेत गराएर अन्य दलको पहुँचबाट पर राख्ने प्रयास गरिन्छ। हुनत बिहान एउटा दलमा प्रवेश गर्ने राति अर्को दलको झण्डा, गम्छा र माला लगाएर सामाजिक सञ्जालमा राख्ने गरेका छन्। चुनावको परिणामलाई नै लेनदेनले परिवर्तन गर्न सकिने अवस्था देखिएको छ। चुनाव प्रचारको क्रममा अगाडि रहने उम्मेदवार मौन अवधिमा पछाडि परेर परिणाममा चिप्लन सक्ने उच्च जोखिम देखिएको छ। मतदाताहरुले सबै उम्मेदवारको मन जित्न हरेकबाट प्राप्त हुने रकम लिने गरेका छन्। घरदैलोको क्रममा मतदाताहरुसित परिचय र चाहना बुझेका उम्मेदवारहरुले धमाधम रकम वितरण गर्न थालेका छन्। मतदाताहरुलाई खुशी पार्न चाहेजति रकम प्रतिस्पर्धी उम्मेदवारहरुले वितरण गर्न थालेका छन्। मतदाताहरुलाई अबको ५ दिन आर्थिक प्रलोभन, भय त्रास देखाएर प्रभावित गर्न उम्मेदवारहरुले प्रयास गर्न थालेका छन्। नेपालको खासगरी तराईमा अन्य प्रलोभन भन्दा रकमको लेनदेन नै सर्वाधिक प्रभावकारी देखिएको छ। मतदाताहरुका लागि अहिले दिनहुँ उम्मेदवारहरुले घरघरमा माछा र मासु पुऱ्याउने व्यवस्था मिलाएका छन्। टोलटोलमा अबेर राति मद्यमांस सहितको भोज भतेर हुने गरेको छ। प्रतिस्पर्धामा आफूलाई नदेख्ने उम्मेदवारहरुले भने खर्चमा व्यापक कटौती गरेका छन्। तर प्रतिस्पर्धी उम्मेदवारहरुले खर्चको अनुपातलाई कयौं गुणा बढाएका छन्। मधेश प्रदेशमा व्यक्तित्व, विचार, एजेण्डा गौण छ। उम्मेदवारहरुको प्रभाव भन्दा पनि लेनदेनले नै प्राथमिकता पाएको छ। जति बढी खर्च गरे जित्ने संभावना त्यति बलियो हुने विश्वास उम्मेदवारहरुको छ। तर मतदाताहरुले सबैसित रकम लिएर सम्मान गरेको देखाए पनि भोट कता हाल्ने ? त्यो उनीहरुलाई नै थाहा छ। स्थानीय प्रशासनले मद्यमांसको बेचबिखनमा रोक लगाए पनि त्यो बाहिरबाट मात्र प्रभावकारी देखिएको छ। स्टिलको ग्लासमा होटेलहरुले मदिरा उपलब्ध गराइरहेका छन्। स्तरीय होटेलहरुमा त कोठामा नै मद्यमांस उपलब्ध गराइने बताइन्छ। उम्मेदवारहरुका लागि मतदाता रिझाउने कठिन चरण अब सुरु भएको छ। आफ्नै दलका नेता, कार्यकर्ताहरुलाई समेत खर्चको जोहो गरिदिनुपर्ने र अन्य दलका समर्थक मतदाताहरुलाई प्रभावित गर्न रुपैया फाल्ने दायरालाई उम्मेदवारहरुले फराकिलो बनाएका छन्। चुनावको नाममा उम्मेदवारहरुले विगतमा गरेको खर्चहरुको भन्दा अबको ५ दिनमा हुने खर्च धेरै बढी हुने अनुमान गरिएको छ। तर यो खर्च प्रतिस्पर्धामा नरहेका उम्मेदवारहरुले गर्ने छैनन्।

# सहरीकरण र राजनैतिक दायित्व



**रोशन जनकपुरी**

पूर्वीय प्राचीन ग्रन्थहरुमा शासकवर्ग र नागरिकहरु बसोवास गर्ने स्थललाई 'पुर' र 'नगर' तथा आर्थिक कारोबार गरिने स्थल अथवा बजारलाई 'पण्य' भनिएको छ। वर्तमान युगको सहर (अर्बन एरिया) प्राचीन नगर र बजार दुबैको संयुक्त रुप हो। युरोपमा पूँजीको विस्तार तथा अठारौं शताब्दीमा औद्योगिकरणको विकासको क्रममा सहर विकसित भएको हो। शासकवर्गको बसोबास भएको क्षेत्रमा व्यवसायको बढदो अवसरले बजारलाई नगर निकट ल्याई दियो। यस्ले सुविधाहीन ग्रामीण क्षेत्रका मानिसहरु सहरतिर आकर्षित गऱ्यो।

अठारौं शताब्दीमा सहरमा मेसिन घडी, हावा र पानीले चल्ने मीलहरु तथा छापा प्रेसको आविष्कारले बजार चरित्रका विभिन्न सहरहरुलाई आपसमा जोडयो। यसरी सहरहरु बहुवर्गीय र बहुजातिय समाजमा परिणत भए। अब सहरमा जीवनलाई सहज बनाउने उत्सवमय सुविधाहरु, सुविधा उपलब्ध गराउने आविष्कार, उद्योग र बजार तथा बहुवर्ग र बहुजातिहरु थिए।

अठारौं शताब्दीमा औद्यौगिक क्रान्तिकालमा भएको प्राविधिक विस्फोटले सहरीकरणको प्रक्रियालाई गति प्रदान गऱ्यो। गाउँबाट सहरतिर सर्ने प्रक्रियामा तिव्रताको कारण सहरमा जनघनत्वमा वृद्धि भयो, सानो क्षेत्रमा धेरै मानिसहरु बस्न थाले। उद्योगहरुको विकास भएपनि अतिसय नाफाको लोभमा पूँजीपतिहरुले श्रमिकहरुको सकेसम्म श्रमशोषण गरिरहेका थिए। यसकारण उन्नाइसौं शताब्दीमा युरोपमा हजारौं श्रमिकहरु दयनिय स्थितिमा बाँच्न बाध्य थिए। एकातिर श्रमको मूल्य पाउने आशामा ग्रामीण क्षेत्रबाट एकातिर सहरहरुमा आप्रवासनको बाढी थियो भने, अर्कोतिर श्रमिकहरु रोग तथा अभावको बीच प्रदूषित झुप्राहरुमा तथा सडकमा खातेको स्थितिमा बाँच्न बाध्य थिए।

आफ्ना परिवार सहित श्रमिकहरु ठूलो संख्यामा सहरहरुमा बस्न थालेपछि तथा वैश्विक सहरहरुको विकास भएको कारण औद्यौगिकताले निर्विवादरुपमा विश्वको बहुमत जनसंख्यालाई आधुनिक सहरिया जीवन बाँच्ने अवसर प्रदान गऱ्यो। यो २०औं र २१औं शताब्दीमा पनि जारी छ। व्यवसायको नयाँ क्षेत्रको खोजीमा लन्डनबाट युरोप हुँदै विश्वव्यापी भएको पूँजी र औद्यौगिकिकरणले युरोपीय मोडेलको सहरलाईपनि विश्वव्यापी बनायो।

मानवीय हितको दृष्टिले अपर्याप्त भएपनि औद्योगिकीकरणले ग्रामीण क्षेत्रको तुलनामा सहरी जीवनमा भौतिक विकास तथा सुविधा तुलनात्मकरुपमा बढी हुने विशिष्ट स्वाभावको रुपमा देखियो।

सन् १९१७मा सोभियत विद्रोहभन्दा पहिले सहरहरुको विकास राज्यको योजना बिनाको थियो। पुँजीवादी राज्यहरुमा व्यवसाय र नाफालाई केन्द्रमा राखेर औद्यौगिकीरण र सहरीकरण हुन्थ्यो भने सोभियतहरुले समाजको समाजवादीकरण र तिव्र आर्थिक विकासको आकांक्षा सहित योजनाबद्धरुपमा सहरीकरणलाई अगाडी बढाए। यस्को सकारात्मक परिणामपनि देखियो। रुस तथा चीनजस्ता देशहरुले, संयुक्त राज्य अमेरिका र ग्रेट ब्रिटेन जस्ता पूँजीवादी देशहरुमा कयौं शताब्दीमा भएको बिकास छोटो अवधिमा गरेका छन्। चीन त अहिलेपनि आफूलाई समाजवादी देश नै भन्छ। सोभियतसंघ इतिहास भै सकेको छ, र हाल पन्द्रवटा देशमा विभाजित भैसकेको छ। यद्यपि यसै मध्येको सबैभन्दा ठूलो देश रुस र यसको राष्ट्रपति पुतिन अहिलेपनि अमेरिका लगायत पूँजीवादी राज्यहरुको निम्ती चुनौती बनिरहेका छन्। रुस र पुतिनले पूँजीवादी विश्व सामू प्रदर्शन गरिरहेको आर्थिक र सैन्यशक्ति सोभियत शासनकालमै विकास भएको भन्नु अतिशयोक्ति हुँदैन।

सोभियत संघको विघटन भएपनि तीव्र विकासको निम्ती अवलम्बन गरेको सहरी विकासको योजनानिर्माणको नीति पूँजीवादी मोडेलका देशहरुले पनि अवलम्बन गर्न थाले। वर्तमान विश्वमा प्रायः सबै देशले तिव्र विकासको निम्ती सहरीकरणको नीति अवलम्ब गरेका छन्।

पुराना बजारमुखी सहरको विस्तारमा राज्यको खासै भूमिका हुँदैनथ्यो, तर आधुनिक दोस्रो विश्वयुद्धपछिका विकसित सहरहरुराज्य समर्थित पूँजीवादी मोडेलका सहरहरु हुन्। यहाँसम्म कि आफूलाई समाजवादी भन्ने चीनलेपनि आधुनिक चीनको बहुआयामिक विकासको निम्ती 'बजार समाजवाद'को नीति अवलम्बन गरिरहेको छ। यद्यपिवर्तमान विश्वमा अधिकांश देशहरुमा पूँजी, बजार र नाफा चरित्रको सहरीकरणको 'अश्वमेधी रथ'ले विश्व ढाकेको छ।अब त विगतको औद्यौगिक पूँजी वित्तीय पूँजीको विश्वव्यापी साम्राज्यमा विकसित भैसकेको छ। यसै कारण अहिलेका सहरहरु स्थानीय विशिष्टता सहित वैश्विक चरित्रका छन्।

सहरीकरण वर्तमान विश्वको सबैभन्दा तिव्र प्रवृत्ति हो। संयुक्त राष्ट्र संघका ताजा तथ्याङ्क अनुसार वर्तमान विश्वको आधा जनसंख्या सहरमा बस्छन्। त्यसरी नै भविष्य बारे गरिएका सम्भावित प्रक्षेपण अनुसार सन् २०५०सम्म विकासशील देशका ६४ प्रतिशत तथा विकसित देशका ८६प्रतिशत जनसंख्याको सहरीकरण भैसक्ने छ। वर्तमानमा नेपालपनि यसभन्दा भिन्न छैन।

युरोप र समाजवादी देशहरुको राजकीय हस्तक्षेपको नीतिभन्दा भिन्न नेपालमा भने सहरीकरणको विकास औद्यौगिकीकरण बिना नै भएको देखिन्छ। यद्यपि छिमेकी भारत (तत्कालीन ब्रिटिस भारत)मा र विशेष गरीसन् १८१४-१६को एंग्लो-नेपाल युद्ध पछि ब्रिटिस साम्राज्यको मातहत औद्यौगिकरणको प्रभावबाट दक्षिणी सीमाक्षेत्र तराई मधेशमा बजारहरुको विकास भएको तथ्यलाईपनि उपेक्षा गर्न सकिँदैन। हुन त प्रायः अविकसित र अल्पविकसित देशहरुमा सहरीकरण नेपाल जस्तै साम्राज्यवादी पूँजीवादको विस्तारको कारण औद्यौगिकीकरण बिना नै विकास हुने गरेको देखिन्छ। औद्यौगिकीकरण न भएका देशहरुका सहरहरुमा देशी विदेशी लगानीको बजार तथा वित्तीय पूँजीको प्रभाव देखिने गर्छ।

नेपालको आर्थिक इतिहासका प्रसिद्ध अनुसन्धाता महेशचन्द्र रेग्मीले पोखराबारे एउटा रोचक तथ्य उल्लेख गरेका छन्। कास्की विजयगरेको दुईवर्ष पछि बहादुर शाहले सन् १७८८मा पोखरामा बजार शिव भण्डारीलाई मालपोत मिन्हा गरिदिने गरि कागज गरिदिएका थिए। इतिहासकार रेग्मीका अनुसार शाहवंशीय शासनको स्थापनापछि नेपालमा सहर (बजार) बसाल्न सुविधा दिइएको सम्भवतः पहिलो उदाहरण हुनुपर्छ। जहाँसम्म नेपालमा सहर बजारको विकासको आरम्भिक स्रोतको कुरा गर्ने हो भने पृथ्वीनारायण शाहले सन् १७६९मा नेपाल भरी नै गोर्खाली साम्राज्यवादी अभियान सफल पार्न तथा राज्यको उपस्थिति जनाउन (सीमा रक्षा र कर असूली) पहाड र तराईमधेशका विभिन्न ठाउँमा सरकारका निजामति र सैन्य अड्डा खडा गरेका थिए। शुरुआतमा ती ठाउँहरु तानसेन, पोखरा र बन्दीपुर थिए। सन् १९२३मा नेपाल र ब्रिटिस भारतबीचको व्यापार सम्झौताले तराईमा क्रमशः सहरी क्षेत्रको उदयको अवसर निर्माण गऱ्यो।यस सम्झौताले सीमा क्षेत्रमा बिरगन्ज र बिराटनगरलाई औद्यौगिक नगरको रुपमा विकास गर्न अनुकूलता थप्यो।

सन् २००१मा नेपालको कुल जनसंख्यामा सहरमा बस्नेहरु १३.९ प्रतिशत थिए। सन् २०११मा १७प्रतिशत र त्यस्को दस वर्षपछि सन् २०२१मा भएको जनसंख्याको प्रारम्भिक नतिजा अनुसार सहरमा बस्नेहरुको प्रतिशत ६६.०८ छ।

देशमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापनापछि तिव्र विकासको महत्वकांक्षाले घोषित नगरपालिकाहरुलाई आवश्यक मानक पुरा नगरेपनि सहरी क्षेत्रको मान्यता दिएको छ। यसभित्र छवटा महानगरपालिका र एघारवटा उपमहानगरपालिका छन्। यस अतिरिक्त प्रायः जिल्लाका सदरमुकामको रुपमा रहेका तथा केही पुराना बाहेक अधिकांश नगरपालिकाहरु सहर बन्नका निम्ती चाहिने मानकभन्दा धेरै पछि छन्।हुन त दक्षिण एसियामा सबैभन्दा तिव्र गतिमा जनसंख्या वृद्धि भैरहेको नेपालको राजधानी काठमाँडौ महानगरपालिकामा खानेपानी, स्वच्छता, वायु प्रदूषण, अव्यवस्थित बसाई जस्ता अनेक समस्याहरु वर्षौंदेखी चुनौतीको रुपमा कायमै छ। यही हाल प्रादेशिक राजधानी लगायतका अन्य महानगरपालिका तथा उपमहानगरपालिकाको छ।

> *जिल्लाका सदरमुकामको रुपमा रहेका तथा केही पुराना बाहेक अधिकांश नगरपालिकाहरु सहर बन्नका निम्ती चाहिने मानकभन्दा धेरै पछि छन्।हुन त दक्षिण एसियामा सबैभन्दा तिव्र गतिमा जनसंख्या वृद्धि भैरहेको नेपालको राजधानी काठमाँडौ महानगरपालिकामा खानेपानी, स्वच्छता, वायु प्रदूषण, अव्यवस्थित बसाई जस्ता अनेक समस्याहरु वर्षौंदेखी चुनौतीको रुपमा कायमै छ। यही हाल प्रादेशिक राजधानी लगायतका अन्य महानगरपालिका तथा उपमहानगरपालिकाको छ।*

अहिले देशमा कुल ७५३ स्थानीय तह मध्ये महानगर, उपमहानगर र नगरपालिका गरी कुल २९३वटा शहरी क्षेत्रहरु चिन्हित छन्।राष्ट्रिय सहरी नीति २०६४ले पुराना नगरपालिका, नयाँ नगरपालिका र नगरोन्मुख गाविसहरुलाई एकीकृत योजनाबद्ध सहरी विकासको मापदण्ड प्रस्तावित गरेको थियो।यस सहरी नीतिपछिको बाह्रवर्षमा संघीय लोकतान्त्रिक गणतन्त्रको सम्विधान बनेको छ र यस आधारमा देश सातवटा प्रदेशमा विभाजित भैसकेको छ।

नेपालमा सहरीकरणको प्रक्रिया औद्यौगिकीकरण बिना बजार, राज्यको आवश्यकता र सहरीकरणको चाहना तथा देशी विदेशी निजी पूँजीको विस्तारको आकांक्षा र लगानीमा चलिरहेको छ। अझ विदेशी दाताहरुमाथी निर्भर गरिब देशहरुको सहरीकरण र विकासको योजना अव्यवस्थित हुनु स्वाभाविक हो। हाम्रो समस्या के हो भने गणतन्त्र आएको पन्द्र वर्ष र सम्विधान बनेको सातवर्षमा पनि हामी स्थिर र विश्वासिलो राजनीतिको निर्माण गर्न सकेका छैनौं। विरासतमा पाएको तथा वर्तमानको अस्थिर राजनीतिले राज्यको सबै योजनाहरुमा भ्रष्टाचार र कमीसनखोरी, गुणस्तरहीन विकास निर्माण तथा बदनाम राजनैतिक नेता र कार्यकर्ताहरु सबैभन्दा गम्भीर चुनौतीको रुपमा देखिएका छन्। देशमा सञ्चालित अन्य योजना जस्तै सहरी विकासको योजनाहरुमा पनि यी रोगहरु देखिन्छन्। यद्यपि अनेक कठिनाईका बावजूद ग्रामीण क्षेत्रबाट सहरीक्षेत्रमा आप्रवासन तिव्र छ।

नेपालमा तराई मधेश, देशको समथर भूभाग दक्षिणी भागमा पूर्व मेचीदेखी पश्चिम महाकालीसम्म पस्रिएको छ। तपाँई तराई मधेशलाई दक्षिणी नेपालपनि भन्न सक्नु हुन्छ। गणतन्त्रस्थापना पछिको विकसित राजनीतिक वातावरणमा तराई मधेशको क्षेत्रीय पहिचान र राजनैतिक हितको दृष्टिले मधेश आन्दोलन र मधेश प्रदेशले यस्को प्रतिनिधित्व गरिरहेको छ। हाल नेपालको कूल जनसंख्याको सबैभन्दा ठूलो हिस्सा (५३.६६प्रतिशत) मधेश प्रदेशमा बस्छ। देशका अन्य भाग जस्तै मधेश प्रदेशमापनि सहरीकरणको प्रक्रिया तीव्र छ। सन् २०२१मा गरिएको जनगणनाको प्रारम्भिक नतिजा अनुसार मधेश प्रदेशको कुल जनसंख्या ६,१२६,२८८ मध्ये ७२.८७प्रतिशत जनता सहरमा बस्छन्। तर अराजक र अस्थिर राजनीति तथा विकास योजनाको कारण यस प्रदेशका सहरहरुको विकास अव्यवस्थित देखिन्छ। मधेश प्रदेशमा १ महानगरपालिका, ३ उपमहानगरपालिका, ७२ नगरपालिका र ५९वटा गाउँपालिकाहरु छन्।सरकारी नीतिले मनपा, उमनपा, र नपालाई सहरीक्षेत्र मानेको छ। बीरगन्ज मनपा र जनकपुरधाम्, कलैया र जीतपुर उमनपा छन्। देशका अन्य भाग जस्तै मधेश प्रदेशमा पनि नगरोन्मुख क्षेत्रको वरिपरीका ग्रामीण क्षेत्रहरुलाई मिलाएर नगरपालिकाहरु घोषित गरिएको छ। त्यसैले पुराना बजारभएको र जिल्ला सदरमुकाम बाहेकका नगरपालिकाहरु सहरी सुविधा (सडक, ढल, विद्युत, स्वास्थ्य, शिक्षा, सूचनाप्रविधि आदि)को दृष्टिले अहिलेपनि धेरै पछि छन्। तर बीरगन्ज र जनकपुर जस्ता प्रसिद्ध र पुराना सहरहरुमा बाहिरी सम्पर्क सडकहरु तथाव्यावसायिक क्षेत्रको विकासको दृष्टिले भव्य देखिएपनि जनताको सुविधाको दृष्टिले स्थिति चुनौतीपूर्ण नै छ। सहरभित्र दयनिय सडकहरु, ठाउँ ठाउँमा फोहोरका डुङ्गुरहरु, दयनीय सरकारी विद्यालयहरु, गैरजिम्मेवार र गुणस्तरहीन सरकारी अस्पतालहरु, तथा गैरजिम्मेवार सरकारी व्यवस्थापनहरुले मधेश प्रदेशमा सहरीकरणको विरुपता बयान गर्छ। यति हुँदाहुँदैपनि अनेक आवश्यकतावश ग्रामीण क्षेत्रबाट सहरमा बसाईं सराई बढदै छ। सहरमा धनी र गरीब दुबैखाले मानिसहरु थपिँदै छन्। यसको ठीकसंग व्यवस्थापन गर्न नसकेकै कारण सहरमा एकातिर दसौंतलाका भव्य भवनहरु ठडिँदैं छन् भने अर्कोतिर झुग्गी झोपडीहरुपनि बढदै गैरहेका छन्। यसले के देखिन्छ भने मधेश प्रदेशमा सहरहरु पूँजी र बजारको स्वाभावमा विकसित हुँदै छ। यस्ले राज्यको समाजवादोन्मुख आर्थिक नीति र समाजवादी उद्देश्यको कृत्रिमतापनि प्रकट गर्छ।

चुनौती के हो भने सहरीकरणको उद्देश्य बजार र पूँजीको विकासको निम्ती होइन, आम जनताको सुविधा तथा आर्थिक समृद्धिको निम्ती हो भन्ने धारणा राजनैतिक नेतृत्व तथा सामाजिक, बौद्धिक अगुआबीच देखिँदैन। यसैकारण प्रदेश र स्थानिय सरकारहरुको सहर विकासको योजना भोट बैंक र बजारको तावेदारीमा बन्छ र समय समयमा फेरिइ रहन्छ। यथार्थमा मधेश प्रदेश सहित देशभरी भैरहेको सहरीकरण वित्तीय पूँजीको विकासमात्र हो। त्यसैले सहरीकरणको प्रक्रियालाई बहुसंख्यक जनताको हितकारी बनाउन सम्बन्धित पक्षले स्थानिय विशिष्टता, वर्तमानमा आम जनताको आवश्यता र भविष्यको अनुमान गर्नसक्नु तथा सहरीकरणबाट प्राप्त उपलब्धीमा जनसमुदायलाई साझेदार बनाउन आवश्यक छ। तर यस्को निम्ती इमान्दार, सचेत र दूरदर्शी नेतृत्वको आवश्यकता पर्छ।

# अर्बौं रुपैयाँ खर्च गरेर गरिने चुनावले महँगी बढाउँछ?

**बीबीसी**

विश्वव्यापी रूपमा देखिएका आर्थिक चुनौतीका कारण प्रभावित नेपाली अर्थतन्त्रमा चुनावमा हुने अर्बौं रकमको परिचालनले थप महँगी निम्त्याउने चेतावनी विज्ञहरूले दिएका छन्। अधिकारीहरूका अनुसार निर्वाचन सम्पन्न गराउनका लागि सरकारले २० अर्ब रुपियाँ भन्दा बढी खर्च गर्न लागेको छ। चुनावको समयमा दल र उम्मेदवारहरूले अझै ठूलो धनराशि आफ्नो जित सुनिश्चित गर्न खर्च गर्ने भएकाले त्यसको सीधा असर अर्थतन्त्रमा समेत देखापर्नेछ। आगामी मङ्सिर ४ गते एकै चरणमा हुन लागेको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा झन्डै एक लाख ८० हजार मतदाता सूचीकृत छन्।



**चुनावसँगै बढ्छ आर्थिक गतिविधि**

एक महिनाअघि नेपाल राष्ट्र ब्याङ्कले सार्वजनिक गरेको तथ्याङ्कले महँगी दर ८.२६ प्रतिशत रहेको उल्लेख गरेको थियो। अहिले त्यो थप बढेको र चुनावसम्मको समयमा बजारमा हुने रकमको परिचालनले महँगी दर दोहोरो अङ्कमा पुग्नसक्ने कतिपय विज्ञहरूले बताएका छन्। युक्रेन रुस युद्धका कारण इन्धन तथा खानेकुराको मूल्य वृद्धि र अकासिएको डलरको भाउले गर्दा विश्वभर नै जीविकोपार्जनको खर्च व्यापक रूपमा वृद्धि भएको भन्दै हालैका साताहरूमा चिन्ताहरू व्यक्त भइरहेका छन्।

निर्वाचनमा प्रयोग हुने सामग्रीको आयात गर्न रकम बाहिरिने र मतदातालाई लोभ्याउन कैयौं अनुत्पादक क्षेत्रहरूमा खर्च गर्ने प्रवृत्ति रहेकाले त्यसको प्रभाव अर्थतन्त्रमा देखिने पूर्व गभर्नर दिपेन्द्रबहादुर क्षेत्री बताउँछन्। उनले भने, "निर्वाचनमा जे जति चिजविज प्रयोग हुन्छ त्यो सबै हामीले आयात गरेर प्रयोग गर्ने भएकाले त्यसले कम मात्रै टेवा अर्थतन्त्रलाई दिने देखिन्छ। त्यसमाथि नेताजीहरूले आफ्नो प्रभावमा मतदाताहरूलाई पार्न धेरै पैसा खर्च गर्छन् भन्ने सुनिन्छ जुन रकम लत्ता कपडा, चस्मा, जुत्तादेखि मोटरसाइकलसम्म किन्न प्रयोग हुने बताइन्छ।"

उनले त्यस्ता 'अनुत्पादनमूलक क्षेत्र' मा गरिएका त्यस्ता खर्चले खासै सकारात्मक परिणाम नदिने बताए। उनी थप्छन्, "निर्वाचनमा हुने खर्चले थप मूल्यवृद्धि गर्ने सम्भावना देखिएको छ। हामी चामल पनि आयात गर्छौं र यसैबीचमा भारतले चामलमा २० प्रतिशत अन्तःशुल्क लगाइदिएको छ। जसले गर्दा २५ किलोको चामलको बोरामा पनि २०० रुपियाँ मूल्य बढेको छ। नेपालीहरू महँगीको मारमा पर्ने अवस्था झन् बढेर गएको छ जस्तो मलाई लाग्छ।"

**चुनावमा कति खर्च हुन्छ?**

अर्थ मन्त्रालयले चुनाव गराउन १० अर्ब रुपैयाँको खर्चको सीमा निर्वाचन आयोगका लागि तोकेको छ। त्यसबाहेक शान्ति सुरक्षा र अन्य शीर्षकमा अर्को १० अर्ब ४ करोड रुपैयाँ छुट्याइएको अधिकारीहरूले बताएका छन्। निर्वाचन आयोगले प्रदेशसभाका उम्मेदवारलाई १५ लाख रुपैयाँ देखि २३ लाख रुपैयाँ सम्म र प्रतिनिधिसभाका उम्मेदवारका लागि २५ लाख रुपैयाँदेखि ३३ लाख रुपैयाँसम्म खर्चको हद तोकेको छ। तर उक्त हदको तुलनामा कैयौं गुणा बढी खर्च हुने गरेका कतिपय अध्ययनहरूले देखाएका छन्।द एशिया फाउन्डेशनले गरेको एउटा अध्ययनले अघिल्लो पटकको सङ्घीय र प्रादेशिक चुनावमा उम्मेदवार र तिनका समर्थकहरूले चुनावमा झन्डै ४६ अर्ब रुपैयाँ खर्च गरेको उल्लेख गरेको छासो चुनावमा एक मतका लागि औसतमा ४ हजार रुपैयाँ भन्दा बढी खर्च भएको जनाइएको थियो। त्यसबाहेक प्रतिनिधिसभाका विजयी उम्मेदवारको औसत खर्च २ करोड १३ लाख र निकटतम प्रतिद्वन्द्वीको औसत खर्च करिब डेढ करोड रुपैयाँ रहेको भनिएको छ।

**दोहोरो अङ्कको मुद्रास्फीतिको जोखिम**

राष्ट्र ब्याङ्कका एकजना पूर्व कार्यकारी निर्देशक एवम् अर्थविद् नरबहादुर थापा नेता र कार्यकर्ता भोट माग्न गाउँ प्रवेश गर्ने भएकाले चुनावको समयमा ग्रामीण क्षेत्रमा आर्थिक गतिविधि बढ्ने बताउँछन्। उनले चुनावी प्रचार अभियान र त्यसमा प्रयोग गरिने यातायात र अन्य सामग्रीहरूका कारण शहरी क्षेत्रमा पनि विभिन्न किसिमका आर्थिक गतिविधि बढ्ने उल्लेख गरे। चुनावको समयमा ब्याङ्कहरूबाट निक्षेप निकालेर खर्च गर्ने प्रवृत्ति समेत देखिने भन्दै त्यसले केही थप तरलता निम्त्याउनसक्ने उनले बताए। विश्वव्यापी परिवेश हेर्दा नेपाल दोहोरो अङ्कको मुद्रास्फीति नजिक रहेको उनी बताउँछन्।उनले भने, "यो दोहोरो अङ्कको नजिक पुग्न सक्ने सम्भावना छ। रुस-युक्रेन युद्ध, विश्वव्यापी आपूर्ति श्रृंखला र जलवायु परिवर्तनका कारण यस्तो परिस्थिति हुनसक्छ।" कैयौं विज्ञहरूले चुनावमा हुने उच्च खर्चले निर्वाचनको स्वच्छतामा नकारात्मक असर गर्ने बताउने गरेका छन्। त्यसबाहेक खर्चमा देखा पर्ने पारदर्शिताको अभाव र असमानताले जबाफदेहिताको पेचिलो प्रश्न पनि उठाएको उनीहरूको भनाइ छ। चुनावी खर्चबारे अध्ययन गरेका एक जना अर्थशास्त्री बिनोद सिजापति अन्य देशमा चुनावी खर्च प्रचार प्रसारमा हुने भएपनि नेपालमा भोज भतेरमा बढी खर्च हुने बताउँछन्।

# मधुमेह र फिजियोथेरापी सम्बन्धी केही तथ्यहरु



**विनय कंडेल**

मधुमेह भन्नाले एक मेटाबोलिक बिकार हो। जसमा रगतमा रकेको चिनीको मात्राः विशेषगरी ग्लुकोजको मात्रा अत्याधिक रुपमा बढ्दछ। मधुमेह मुलत दुई किसिमले लाग्नसक्छः एक चिनीको मात्रा नियन्त्रणगर्ने हर्मोन "इन्सुलिन" को उत्पादनमा कमि वा इन्सुलिनले ग्लुकोज माथि गर्ने प्रतिक्रियामा आँच आउनु। गएको २० वर्षमा मधुमेहको बिरामीहरुमा उल्लेखनीय रुपमा बढेको छ। आज मधुमेह विश्वमै एक डरलाग्दो समस्याको रुपमा स्थापित भैसकेको छ। यो विश्वब्यापी सामुदायिक स्वास्थ्कोय विषय बनिसकेको छ।

नेपाल पनि यो भयाभह स्तिथिबाट अछुतो रहन सकेको छैन। नेपालमा केहि सोधपत्र मार्फत गरिएको खोजले मधुमेहको व्यापकता १० प्रतिशतको हाराहारी रहेको जनाए पनि बढ्दो सहरीकरण, जिवनशैली परिवर्तन, शारीरिक सक्रियताको कमिले यसको स्तिथि अझ जटिल हुनसक्ने विज्ञहरु आँकलन गर्दछन्। फिजियोथेरापी एक प्रमाणमा आधारित चिकीत्सा पद्दति हो। फिजियोथेरापीले मधुमेहको रोकथाम, उपचार र व्यवस्थापन गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। मधुमेहको लागि फिजियोथेरापी भन्नाले ब्यायाम र सो सम्बन्धी शिक्षा, शारीरिक सक्रियता, विभिन्न किसिमका जोखिममा नियन्त्रण जस्तै ब्लड प्रेसर को नियन्त्रण आधि हुन सक्दछन्।

**मधुमेह र ब्यायाम सम्बधी निम्न तथ्यहरु प्रमाणित छन्।**

१. ब्यायाम मधुमेहको लागि एक महत्वपूर्ण उपचारात्मक पद्दति हो।
२. ब्यायामले मुटुको क्षमतामा बृद्धि गरी , मुटुतथा रक्तनली समबन्धी रोगको जोखिमलाई घटाउने काम गर्दछ।
३. कुनै पनि किसिमको मधुमेहको बिरामीलाई ३०- ६० मिनेटको मध्यम तीब्रताको ब्यायाम गर्न सुझाब गरिन्छ।
४. अत्यन्त जटिल किसिमको रेटिना (आँखा) को रोग बाहेक हरेक किसिम क मधुमेहको बिरामीको लागि शक्ति विकास गर्ने कसरत गर्न सकिन्छ।

**मधुमेह हुन नदिन के गर्ने?**

१. दैनिक रुपमा ब्यायाम गर्ने।
२. आफूलाई सकेसम्म सक्रिय राख्ने।
३. अफिसमा बसेर गर्ने काम भए समय-समयमा उठ्ने, २-४ पाइला हिड्ने जस्तै पानी लिन जाने, एक चक्कर लगाउने
४. खानपानमा विशेष ध्यान दिने।
५.सक्रिय रहन दौडने, साइकल चलाउने, पौडने, मर्निंग वाक गर्ने वा कुनै किसिमको कसरत गर्ने।

**मधुमेह भइसकेका बिरामीले के गर्ने?**

मधुमेह भैसकेपछि खानपान मा नियन्त्रण, चिकित्सकको सल्लाह बमोजिम औसधि सेवन गर्नुपर्दछ। यो बाहेक शारीरिक सक्रियता राख्न ब्यायाम गर्न पनि उत्तिकै आवश्यक छ।

मधुमेह भएपछि पनि माथि उल्लेख गरिएका सम्पूर्ण कसरत गर्न सकिन्छ तर कसरत गर्दा कुन कसरत कतिको तिब्रताका साथ गर्नुपर्दछ फिजियोथेरापिस्ट संग उचित परामर्श लिनु पर्दछ।

# आर्थिक समृद्धिको नयाँ यात्रा सुरु गर्ने लक्ष्यमा छौँ : अध्यक्ष दाहाल

दमौली । नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले आर्थिक समृद्धिको नयाँ यात्रा सुरु गर्ने लक्ष्यमा वर्तमान गठबन्धन रहेको बताउनुभएको छ। तनहुँको बन्दीपुर गाउँपालिका-१ डुम्रेमा सोमबार आयोजित सत्तागठबन्धनको कोणसभालाई सम्बोधन गर्दै अध्यक्ष दाहालले नेपाललाई नयाँ युगमा लैजाने सङ्कल्पसहित गठबन्धन निर्माण भएको बताउनुभयो ।

ँयसपटकको निर्वाचन सामान्य हुनेछैन, यो निर्वाचन नेपालको इतिहासमा विशेष महत्व राख्ने निर्वाचनको रूपमा सम्पन्न हुँदैछ’, उहाँले भन्नुभयो । संविधानसभाबाट संविधान बनेपछि र त्यो संविधानअनुसारको सरकार बनेपछि अब स्थायित्व र विकासको यात्रातिर नेपाल लाग्नेछ भन्ने सोचे पनि घटनाक्रम त्यसरी विकसित नभएको अध्यक्ष दाहालको भनाइ थियो ।

घटनाक्रमको विकास लामो सङ्घर्षबाट उपलब्धि प्रहार गर्नेतिर भयो, जसलाई प्रधानमन्त्रीका रूपमा अगाडि सार्‍यौँ, उहाँले नै संविधानमाथि प्रहार गर्ने काम गर्नुभयो’, अध्यक्ष दाहालले भन्नुभयो । तीन वर्ष पुग्दा नपुग्दा प्रतिगमनको विरुद्ध, संविधानको रक्षा, जनताको अधिकार रक्षाका निम्ति सडकमा जानुपर्ने अवस्था आइलागेको भन्दै अध्यक्ष उहाँले जनताको प्रयासकै कारण गठबन्धन स्थापना भएको बताउनुभयो ।

उहाँले नेकपा (एमाले) लाई नैतिक दृष्टिकोणले भोट माग्ने अधिकार नभएको बताउनुभयो । ँसंसद् विघटन गर्ने, पार्टी विभाजन गर्ने र अधिकार खोस्नेलाई के भनेर भोट दिने, संविधान च्यात्नका लागि मत चाहियो ? भनेर प्रश्न गर्नुपर्ने बेला आएको छ, उहाँले भन्नुभयो ।

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलको अग्रसरतामा गठबन्धन निर्माण भएको भन्दै उहाँ देशको कार्यकारी भूमिकामा पुग्न सक्ने व्यक्ति भएको उल्लेख गर्नुभयो । ँपौडेललाई धेरै मत दिएर जिताउनुस् त्यो सम्भावना बढ्यो, बढ्यो, बढ्यो’, अध्यक्ष दाहालले भन्नुभयो । **सुशासन, विकास र समृद्धि**



**गठबन्धनको एजेण्डा : अध्यक्ष दाहाल**

लमजुङ, २८ कात्तिक (रासस) : नेकपा (माओवादी केन्द्र)का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले सुशासन, विकास र समृद्धि गठबन्धनको मुख्य एजेण्डा रहेको बताउनुभएको छ ।

लोकतान्त्रिक वाम-गठबन्धन लमजुङद्वारा सोमबार राइनास नगरपालिका-४ सातविसेकमा आयोजित चुनावीसभामा उहाँले विकास निर्माण र समृद्धिमा गठबन्धन लाग्ने बताउनुभयो ।

“गठबन्धनका पक्षमा देशव्यापी लहर आएको छ, यसले गठबन्धनका अधिकांश उम्मेदवार विजयी हुने विश्वास लिएको छु”, उहाँले भन्नुयो, “गठबन्धनको जीत सुनिश्चित छ ।”

शान्ति प्रक्रिया टुङ्ग्याउने, जनताको अधिकारलाई बलियो बनाउने र देशलाई पछाडि धकल्ने, निरुङ्कुशतातिर र अँध्यारोतिर लैजान खोज्ने दुई गठबन्धनबीच चुनावी प्रतिस्पर्धा भइरहेको उहाँले बताउनुभयो । मङ्सिर ४ मा हुने निर्वाचनले जनता कुन पक्षमा छन् भन्ने स्पष्ट हुने उहाँको भनाइ छ ।

“यो युगान्तकारी परिवर्तन, राष्ट्र, बचाउने, शान्ति कायम गर्नमा नेपाली कांग्रेस र माओवादीका नेता तथा कार्यकर्ताको भूमिका छ”, उहाँले भन्नुभयो, “यसका लागि कैयनको ज्यान गएको छ, म उहाँहरुलाई सम्मान गर्न चाहन्छु ।”

मुलुकमा अझै पनि शान्ति प्रक्रियाका केही काम बाँकी रहेको भन्दै उहाँले अब बन्ने गठबन्धनको सरकारले उक्त जिम्मेवारी पूरा गर्ने उहाँको दाबी छ ।

हाँले गोरखा, तनहुँ लमजुङकै वरिपरिका गठबन्धनका उम्मेदवारले नै सरकरको नेतृत्व गर्ने सम्भावना रहेको जिकिर गर्दै गठबन्धनका उम्मेदवार विजयी हुनुपर्ने बताउनुभयो ।

उहाँले चेपे, दोर्दी, मर्स्याङ्दी, मदिम र माडि करिडोरले लमजुङका जनताको आयस्तरमा ठूलो वृद्धि गर्ने बताउनुभयो । त्यस्तै, डुम्रे बैँसीसहर हुँदै मनाङ जाने सडक र मध्यपहाडी लोकमार्ग समयमै कालोपत्र गर्न पहल गर्ने उहाँले आश्वासन दिनुभयो । त्यस्तै मुलकमा शान्ति, लोकतन्त्र, जनताको अधिकारमा खतरा रहेसम्म गठबन्धन कायम रहनेसमेत दाबी गर्नुभयो ।

त्यस्तै, नेपाली कांग्रेसका वरिष्ठ नेतारामचन्द्र पौडेलले गठबन्धन मुलुकको आवश्यकताका आधारमा गठन भएको भन्दै गठबन्धनका उम्मेदवारलाई जिताउनुपर्ने बताउनुभयो ।

“माओवादीका कार्यकर्ताले रुख चिन्ह र कांग्रेसका कार्यकर्ताले हसियाँ हतौडा हाम्रै चिन्ह हो भनेर नहिच्किचाइ भोट हाल्नुपर्छ”, उहाँले भन्नुभयो ।

आफूहरुले ७० वर्ष लडेर ल्याएको राजनीतिक परिवर्तले दलित जनजाति, उत्पडित, महिलालगायतको अधिकार स्थापित भएको भन्दै पौडेलले गाउँगाउँमा सिंहदरबार आएको बताउनुभयो ।

“अब देशले राजनीतिमा नयाँ प्रयोग देशले पटकपटक धान्न सक्दैन”, उहाँले भन्नुभयो, “जुन परिवर्तन ल्यायौँ यसलाई नै दिगो बनाउँदै मुलुकको विकास गर्नुपर्छ ।” उहाँले रोजगारीको अभावमा विदेश जाने श्रमिक बढ्दा गाउँ रित्तो हुँदै गएको भन्दै अब गाउँमै रोजगारी सिर्जना गर्ने दाबी गर्नुभयो ।

कार्यक्रममा नेकपा (माओवादी केन्द्र)का महासचिव तथा लमजुङ प्रतिनिधिसभाका उम्मेदवार देवप्रसाद गुरुङले आफू र गठबन्धनले जितेमा मात्र जिल्लामा विकासको लहर आउने जिकिर गर्नुभयो । प्रतिगमन कायम रहेसम्म वाम-लोकतान्त्रिक गठबन्धन कायम रहन्छ : प्रचण्ड

गोरखा । नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड)ले प्रतिगमन कायम रहेसम्म वाम-लोकतान्त्रिक गठबन्धन कायम रहने दाबी गर्नुभएको छ ।

गोरखाको पालुङटार नगरपालिकामा सोमबार आयोजित चुनावी सभालाई सम्बोधन गर्दै उहाँले शान्ति सम्झौताको मुख्य सम्झौताकर्ता कांग्रेस र माओवादी नै भएकाले अब शान्ति, संविधानको रक्षा र आर्थिक क्रान्तिका लागि पनि अहिलेको गठबन्धन नै प्रमुख आवश्यकता रहेको बताउनुभयो ।

“जबसम्म शान्ति र संविधान खतरामा पर्छ त्यति बेलासम्म यो गठबन्धन कायम हुन्छ”, उहाँले भन्नुभयो, “पाँच वर्ष मात्र होइन, १५ वर्षसम्म पनि गठबन्धन कायम रहन सक्छ।”

उहाँले कांग्रेस र माओवादी मिलेर देशमा शान्ति र संविधान सम्भव भएको भन्दै अब आर्थिक क्रान्ति पनि माओवादी र कांग्रेसकै नेतृत्वमा बनेको गठबन्धनले गर्ने बताउनुभयो ।

“१० वर्षे जनयुद्ध लम्बिदै जाँदा दुबै पक्षको हारजितको अवस्था हुने स्थिती थिएन,” उहाँले भन्नुभयो, “बृहत शान्ति सम्झौता नगरेको भए देशको सार्वभौमसत्ताखतरामा पर्नेथियो त्यसलाई बुझेर कांग्रेस र माओवादी मिलेर शान्ती सम्झौता गरेका हौँ ।”

उहाँले शान्ति सम्झौता नगरेको भए देशमा हजारौं मानिसको ज्यान जानसक्ने र विदेशी सेना प्रवेश गर्नसक्ने खतरा देखिएकाले देशको हित र रक्षाका लागि गरिएको शान्ति सम्झौताले देश अहिलेको अवस्थामा आइपुगेको दाबी गर्नुभयो ।

गोरखामा कृषिमा आधुनिकरण र व्यावसायिकीकरण गर्न सकिने, पर्यटकीय क्षेत्र, औद्योगिक क्षेत्रका रुपमा विकास गर्न सकिने भन्दै गोरखाबाटआर्थिक समृद्धिको अभियान थालनी गर्न सकिने प्रचुर सम्भावना रहेको उल्लेख गर्नुभयो ।रासस

# देशलाई समृद्ध बनाउने शक्ति एमालेसँग मात्र छ : अध्यक्ष ओली



सिन्धुली । नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले देशलाई समृद्ध बनाउने शक्ति एमालेसँग मात्र भएको बताउनुभएको छ । सिन्धुलीको दुधौलीमा आज एमालेको चुनावीसभालाई सम्बोधन गर्दै उहाँले सुखी नेपाली समृद्ध नेपाल बनाउने सपना सकार पार्न सूर्य चिह्नमा मतदान गर्न अपिल गर्नुभयो ।

उहाँले देशलाई विकासको अभियानमा लैजान र सुखी नेपाली समृद्ध नेपाल निर्माणका लागि एमालेको सरकार आवश्यक रहेकोमा जोड दिनुभयो । ँएमालेले जारी गरेको घोषणापत्र ग्यारेन्टीका साथ हामी पूरा गर्न तयार छौं, तपाईंको एकमतले देशको विकासमा टेवा पुग्ने भएकाले सिन्धुलीबाट एमालेका उम्मेदवारलाई विजयी गरेर पठाए जिल्ला र देशको विकास हुनेछ’, अध्यक्ष ओलीले भन्नुभयो । उहाँले सुनकोशी मरिण डाइभर्सन, मदनभण्डारी राजमार्ग आर्थिक समृद्धिका आधार निर्माण गरेको बताउनुभयो।

एमालेले जिल्लामा उठाइएका प्रतिनिधिसभाका दुई प्रदीप कटुवाल, मनोजजङ्ग थापा र प्रदेशसभाका सुवास देवकोटा, रामकुमार कार्की, विनोद खड्का र रामकुमार पौडेल चारै उम्मेदवारलाई मत दिएर विजयी गराउन उहाँले आग्रह गर्नुभयो ।रासस

# कांग्रेसले गर्‍यो पाँच बागी उम्मेदवारलाई कारबाही

काठमाण्डु । नेपाली कांग्रेसले पार्टीका आधिकारिक उम्मेदवारलाई असहयोग गर्ने पाँच जनालाई कारबाही गरेको छ। कांग्रेसको केन्द्रीय अनुशासन समितिले आगामी मङ्सिर ४ गते सम्पन्न हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचन-२०७९ मा पार्टीका आधिकारिक उम्मेदवार र पार्टीले समर्थन गरेका उम्मेदवारविरुद्ध वागी उम्मेदवारी दिएको भन्दै पाँच जनालाई कारबाही गरेको हो ।

कारबाहीमा पर्नेमा कांग्रेस हुम्लाका महासमिति सदस्य मङ्गलबहादुर शाही, बाराका महाधिवेशन प्रतिनिधिद्वय रविन्द्रप्रसाद (रोशन) यादव, वीरेन्द्रप्रसाद यादव, क्रियाशील सदस्य धर्मेन्द्रप्रसाद यादव र जिल्ला सदस्य राम एकवालप्रसाद यादव रहेका छन् ।

अनुशासन समितिका संयोजक आनन्दप्रसाद ढुङ्गानाले कांग्रेसको विधान बमोजिम पाँच वर्षका लागि सदस्यसमेत नरहने गरी पार्टीको अभिलेखबाट हटाउन निर्देशन दिइएको जानकारी दिनुभयो।

कांग्रेसले पार्टीको आधिकारिक उम्मेदवारविरुद्ध उम्मेदवारी दिएका र आधिकारिक उम्मेदवारलाई असहयोग गरेका नेता तथा कार्यकर्ताको नाम केन्द्रीय अनुशासन समितिमा पठाउन आग्रह गरेको छ ।रासस

# ‘संविधानको रक्षा र लोकतन्त्रको संस्थागत विकासका लागि सत्ता गठबन्धनलाई मत’

काठमाण्डु । नेपाली कांग्रेसले संविधानको रक्षा, लोकतन्त्रको संस्थागत विकास, रोजगारी र स्थायित्वका लागि सत्ता गठबन्धनले पूर्ण बहुमत प्राप्त गर्ने जनाएको छ ।

कांग्रेसले सोमबार पार्टी केन्द्रीय कार्यालयमा आयोजना गरेको पत्रकार सम्मेलनमा विसं २०७४ को प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा दुई तिहाइ नजिक स्थान जितेको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) ले पाँच वर्षसम्म स्थायित्व नदिएकाले अब कांग्रेस नेतृत्वको गठबन्धनका पक्षमा जनता लागेको प्रवक्ता डा प्रकाशशरण महतले बताउनुभयो । संविधानको रक्षा गरी यसमा सुधार र संशोधनका माध्यमबाट आगामी दिनमा अघि बढ्ने पनि उहाँले सुनाउनुभयो ।

ँगठबन्धनको नेतृत्व गरेको कांग्रेससहितका दल फराकिलो मतले विजयी हुन्छन्, निर्वाचन आयोगले तय गरेको सीमामा रही हामीले प्रचारप्रसार अभियानलाई तीव्र बनाएका छौँ, मूलभूतरूपमा संविधानको रक्षा हाम्रो मुख्य उद्देश्य हो, नेकपा (एमाले) का अध्यक्ष केपी ओलीको सरकारले स्थायित्व दिन नसकेपछि सत्तामा आएको कांग्रेस नेतृत्वको गठबन्धनले छोटो समयमा गरेका कामले पनि सत्तागठबन्धनले राम्रो मत ल्याउने वातावरण देखेका छौँ’, प्रवक्ता महतले भन्नुभयो ।

आगामी निर्वाचनमा प्रत्यक्ष जत्तिकै महत्वपूर्ण समानुपातिक पनि भएकाले सबै निर्वाचन क्षेत्रमा समानुपातिकको मत माग्न पार्टी संयन्त्र परिचालन गरिएको कांग्रेसले जनाएको छ । विसं २०७४ को निर्वाचनमा कांग्रेसले समानुपातिकमा ४० स्थानमा विजयी भएको उल्लेख गर्नुँहुँदै प्रवक्ता महतले त्यसबेलाभन्दा बढी स्थान आउने गरी प्रचारप्रसारमा लाग्न सबै जिल्ला, निर्वाचन क्षेत्र, पालिका र वडा तहको पार्टी संयन्त्रलाई परिचालन गरिएको जानकारी दिनुभयो ।

देशभरका ६१ क्षेत्रमा प्रत्यक्षतर्फ कांग्रेसका उम्मेदवार छैनन्, ती क्षेत्रमा प्रत्यक्षमा गठबन्धन दलका उम्मेदवार र समानुपातिकमा कांग्रेसको रुख चिह्नमा मतदान गर्न आह्वान गरेका छौँ, उम्मेदवार नभएका क्षेत्रमा समानुपातिकतर्फ मतका लागि विशेषरूपमा प्रचारप्रसार गर्न पार्टी संयन्त्रलाई परिचालन गरिएको छ, प्रत्येक क्षेत्रमा समानुपातिकतर्फ दुईवटा मतपत्रमा अनिवार्यरूपमा रुखमा मतदान गर्न पार्टीका शुभेच्छुक एवं मतदातामा आग्रह गरेका छौँ’, प्रवक्ता महतले भन्नुभयो।

देशलाई जोड्ने र सहिष्णु नेतृत्व आवश्यक परेकाले पनि कांग्रेस नेतृत्वको गठबन्धनले आगामी निर्वाचनमा धेरै स्थानमा जित्ने वातावरण बनेको विश्लेषण उहाँले सुनाउनुभयो । कांग्रेस नेतृत्वले पार्टीभित्रका सबैलाई मिलाएर गठबन्धनको नेतृत्व गरेको पार्टीले जनाएको छ। विपक्षी गठबन्धनको नेतृत्व गरेको एमालेले पार्टीभित्रकै नेतालाई मिलाउन नसकेको आरोप प्रवक्ता महतले लगाउनुभयो।

ँविपक्षी गठबन्धनका नेता ओली असहिष्णु भएर भीम रावल र घनश्याम भुसाललाई टिकट दिनुभएन, भुसाललाई हामीले सहयोग गरेर सहिष्णु बनेका छौँ, पार्टीभित्रकै नेतालाई मिलाउन नसक्ने असहिष्णु नेतृत्वले अब देश चलाउन सक्दैन, जनताले कल्पनाको उडानलाई नभई प्रतिबद्धता पूरा गर्ने गठबन्धनलाई मतदान गर्छन्, यसैले कम बोलेर धेरै काम गर्ने सत्ता गठबन्धन देशको आवश्यकता हो’, उहाँले भन्नुभयो।

कांग्रेसबाट विद्रोह गरेर उम्मेदवारी दर्ता गर्नेलाई समर्थन गरेर त्यो क्षेत्रमा उम्मेदवार नउठाउने एमालेले पार्टीकै नेताहरू भीम रावल र घनश्याम भुसाललाई भने उम्मेदवार नबनाउनुले असहिष्णु बनेको पुष्टि हुने उहाँको भनाइ थियो। यति असहिष्णु नेतृत्व अब देशले नधान्ने निष्कर्ष कांग्रेसको छ।

यसअघिको निर्वाचनमा जनताले गरेको विश्वासमा ओलीले आघात पुर्‍याएको कांग्रेसको भनाइ छ। स्वतन्त्रका नाममा सामाजिक सञ्जालमा उम्मेदवारी घोषणा गरेर पनि देश नचल्ने निष्कर्षमा कांग्रेस पुगेको छ। विसं २००७ को परिवर्तनदेखि नै लोकतन्त्रका पक्षमा कांग्रेस चट्टानजत्तिकै उभिएको विषय यसपटक जनताले मूल्याङ्कन गरेको उहाँले सुनाउनुभयो।

सिन्धुलीको एउटा पालिकामा हेफर इन्टरनेशनल नामको गैरसरकारी संस्थाले चुनावको मुखमा पैसा बाँड्दै एमालेका पक्षमा मत हाल्न लगाएको सूचना आएको उल्लेख गर्नुहुँदै प्रवक्ता महतले गैरसरकारी संस्थालाई पार्टीका पक्षमा उपयोग गरेको घटनामा निर्वाचन आयोगको ध्यान जानुपर्ने बताउनुभयो।रासस


## मधेश कृषि विश्वविद्यालय
### राजविराज न.पा.-३, मधेश प्रदेश, नेपाल

## कृषि स्नातक (B Sc Ag Hons.) तहको प्रवेश परीक्षाको Online आवेदन फाराम भर्ने सम्बन्धी सूचना

शैक्षिक सत्र २०७९/०८० का लागि यस मधेश कृषिविश्वविद्यालय अन्तर्गत कृषि संकायमा कृषि स्नातक (B.Sc.Ag. Hons.) तहमा अध्ययन गर्न आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेका ईच्छुक विद्यार्थीहरुबाट आवेदन माग गरिएको छ । आवेदकले विश्वविद्यालयको वेबसाईट http://entrance.mau.edu.np मा गई Online आवेदन फाराम भर्नुका साथै आफ्नो शैक्षिक योग्यताका लब्धाङ्कपत्र र नागरिकताको प्रमाणपत्र, आवेदन दस्तुर रु. २,००० तिरेको भौचर वा प्रमाण पेश गर्नु पर्नेछ। विभिन्न कोटा अन्तर्गत आवेदन दिन चाहने आवेदकहरुले सम्वन्धित कोटाहरुको प्रमाणपत्र वा सिफारिश पत्र र हालसालै खिचेको दुवै कान देखिने पासपोर्ट साइजको फोटो १ (एक) प्रति Scan गरी संलग्नगर्नु पर्नेछ।



(डा. वैद्यनाथ महतो)
उपकुलपति



## ऋण चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सुचना

प्रकाशन मितिः २०७९/०५/२८

यस सहकारी संस्थाबाट तपसिलमा उल्लेखित सदस्यहरुले ऋण लिनु भएकोमा ऋण लिँदाका बखत गरेका कर्जा तपसुक बमोजिम तिर्नु बुझाउनु पर्ने मान बुझाई कर्जाको शर्त तथा सम्झौताहरु उल्लंघन गर्नु भएकोमा पटक पटक मौखिक तथा लिखित ताकेता गर्दा समेत ऋण नियमित वा चुक्ता गर्ने तर्फ कुनै चाँसो नदेखाई कर्जा चुक्ता गर्न आलटाल गरी बसेको हुनाले यो सुचना प्रकाशित गरिएको छ। अतः यो सुचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस संस्थामा आई आफुले तिर्नु बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, हर्जना तथा अन्य दैदस्तुर समेत तोकिएको म्याद भित्र चुक्ता गर्नु होला । अन्यथा सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम विक्रिबाट कर्जा असुल गरिनेछ, साथै उक्त धित्तोहरुबाट पनि यस संस्थाको सम्पुर्ण रकम असुल उपर नभएमा वा कथमकथा चितधितोबाट असुल उपर हुन नसकेमा वा असुल उपर नभएमा ऋणी सदस्यको एका घर संगोल परिवारको वा जमानत कर्ताको नाममा रहेको चल अचल सम्पती तथा अन्य जायजेथा सम्पतीबाट संस्थाको विनियम, सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५ तथा प्रचलित कानून बमोजिम कर्जा असुल उपर गरी लिने तथा ऋणी सदस्य र जमानी कर्ताहरुलाई कलो सूचीमा समावेश (Black Listing) गरिने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचीत गराइन्छ।

| ऋणी सदस्यको नाम तथा विवरण | ऋणीका फोटो | जमानत कर्ताको नाम तथा विवरण | जमानत कर्ताको फोटो | सुरक्षण लेखी दिएको घर जग्गा |
|---|---|---|---|---|
| नामः सुलेखा कुमारी यादव<br>श्रीमान्ः विरेन्द्र कुमार यादव<br>बुबाः योगानन्द यादव<br>ससुराःविन्देश्वर गदी यादव<br>ना.प्र.प.नं.: ६००१/३६९/७८९, सिराहा<br>ठेगानाःइनर्वा ५, सिराहा<br>हालको ठेगानाःलहान न.पा. ६, सिराहा |  | नामःविरेन्द्र कुमार यादव<br>श्रीमतीः सुलेखा कुमारी यादव<br>बुबाःविन्देश्वर गदीयादव<br>बाजेः अच्छे गदी यादव<br>ना.प्र.प.नं.: ६००१/३६९/७८९, सिराहा<br>ठेगानाः राजपुर ७, सिराहा<br>हालको ठेगानाःलहान न.पा. ६, सिराहा |  | ऋणी सुलेखा कुमारी यादवको नाममा दर्ता श्रेष्ता कायम रहेको जिल्ला सिराहा लहान नगरपालिकाको लहान बजार ४क कित्ता नं. १०६९ को क्षेत्रफल ०-०-७.५-० को जग्गा र सो जग्गाले चर्चेको लिगलिगापात समेत |
| नामःऐसा खातुन<br>श्रीमान्ः मो. यासिन राईन<br>बुबाःमो. रफिक<br>ससुराःअैनुल<br>ना.प्र.प.नं.: १५३०१५/३७९, सिराहा<br>ठेगानाःईटहर्वा ३, सिराहा<br>हालको ठेगानाःसखुवानन्कारकट्टी ३, सिराहा |  | | | ऋणी ऐसा खातुनको नाममा दर्ता श्रेष्ता कायम रहेको जिल्ला सिराहा लहान बजार ६ख कित्ता नं. ६९२ को क्षेत्रफल ०-०-५, जिल्ला सिराहा इटहर्वा ४ को कित्ता नं. ३४६ को क्षेत्रफल ००१२३/४र जिल्ला सिराहा इटहर्वा ४ को कित्ता नं. ३४८ को क्षेत्रफल ०-०-१२.७५-० को जग्गा र सो जग्गाले चर्चेको लिगलिगापातसमेत। |
| नामःरेणु कुमारी यादव<br>श्रीमान्ः असिस लाल यादव<br>बुबाःशिवशंकर यादव<br>ससुराःनथुनी यादव<br>ना.प्र.प.नं.: २८८६/२८७४, सप्तरी<br>ठेगानाःखोकसाप्रवाहा १, सप्तरी<br>हालको ठेगानाःशम्भुनाथ न.पा. १, सप्तरी |  | नामःजय प्रकाश यादव<br>बुबाःशिवशंकर यादव<br>बाजेः धनमन्ती यादव<br>ना.प्र.प.नं.: १५१०१७/५४, सिराहा<br>ठेगानाःभगवानपुर ५, सिराहा<br>हालको ठेगानाःभगवानपुर १, सिराहा |  | ऋणी रेणु कुमारी यादवको नाममा दर्ता श्रेष्ता कायम रहेको जिल्ला सिराहा भगवानपुर६को कित्ता नं. ३६५ र ३३१ को क्षेत्रफल त्रमश १-२-११ र ०-८-० को जग्गा र सो जग्गाले चर्चेको लिगलिगापात समेत |
| नामःसुद्धी ठाकुर<br>बुबाःअवधि ठाकुर वडही<br>बाजेः वरेसपैत ठाकुर<br>ना.प्र.प.नं.: ५८४२६८४, सिराहा<br>ठेगानाःमझौरा ९, सिराहा<br>हालको ठेगानाःनवराजपुर गापा २, सिराहा |  | नामःपलट शर्मा<br>बुबाःसुद्धी ठाकुर<br>बाजेः अवधि ठाकुर सोनार<br>ना.प्र.प.नं.: २३०३७/८१, सिराहा<br>ठेगानाःमझौरा ९, सिराहा<br>हालको ठेगानाःनवराजपुर गापा २, सिराहा |  | ऋणी सुद्धि ठाकुरको नाममा दर्ता श्रेष्ता कायम रहेको जिल्ला सिराहा सोठियाइन ६को कित्ता नं. ७६१, ७४३, ७४८को क्षेत्रफल त्रमश ०-३-१६-०, ०-२-१६.५०-०, ०-३-५-० र सोठियाइन ६ख को कित्ता नं. ६९६ को क्षेत्रफल ०-२-१३-० को जग्गा र सो जग्गाले चर्चेको लिगलिगापात समेत |
| नामःश्रीनारायण ठाकुर बरहि<br>बुबाःलक्ष्मि ठाकुर<br>बाजेः बहुरी ठाकुर<br>ना.प्र.प.नं.: ६४२२२०८०/४७७, सिराहा<br>ठेगानाःनवराजपुर २, सिराहा<br>हालको ठेगानाःनवराजपुर गापा२, सिराहा |  | नामःरामकुमार ठाकुर बरहि<br>बुबाःश्रीनारायण ठाकुर वडही<br>आमाःकपलेश्वरी ठाकुर<br>बाजेः लक्ष्मि ठाकुर<br>ना.प्र.प.नं.: ३०४०/२७२, सिराहा<br>ठेगानाःनवराजपुर २, सिराहा<br>हालको ठेगानाःनवराजपुर गापा २, सिराहा | | ऋणी श्री नाराण ठाकुर बरहिको नाममा दर्ता श्रेष्ता कायम रहेको जिल्ला सिराहा नहरनीया नवराजपुर ४को कित्ता नं. ११३१को क्षेत्रफल त्रमश ०-५-१५.५०-० को जग्गा र सो जग्गाले चर्चेको लिगलिगापात समेत |

**जनउत्थान बचत तथा ऋण सहकारी संस्था लि.**
लहान ३, सिराहा
०३३ ५६२४८८

# विगत ६ महिनामा करिब १ लाख ९० हजार अफगान शरणार्थी इरानबाट निर्वासित

एएनआई

काबुल । छिमेकी देशहरूमा अफगान शरणार्थीहरू विरुद्धको अत्याचार बढ्दै जाँदा, विगत छ महिनामा करिब एक लाख ९० हजार अफगानीहरूलाई इरानबाट निर्वासित गरिएको टोलो न्यूजले विश्लेषकहरूलाई उद्धृत गर्दै उल्लेख गरेको छ।

विश्लेषकहरूका अनुसार देशमा रोजगारीको अभाव र मानवअधिकार उल्लङ्घनका कारण मानिसहरू गैरकानूनी बाटो भएर इरान, टर्की जस्ता छिमेकी देशहरूमा पलायन हुन बाध्य भएका छन्। "मलाई आशा छ हाम्रो देश विकसित भएको छ र युवाहरूका लागि रोजगारीका अवसरहरू सिर्जना हुनेछन्। मैले इरानमा धेरै समस्याहरू देखेको छु," निर्वासित अब्दुल गफोरले भनेका छन्।

शरणार्थी र स्वदेश फिर्ता प्रान्तीय विभागका प्रमुख सादिकुल्लाह नसरतले विगत छ महिनामा निमरोज बन्दरगाहबाट निर्वासित ६८ हजार २५८ भन्दा बढी शरणार्थीहरूलाई सहायता प्रदान गरिएको बताएका छन्।



इरानमा जबरजस्ती पठाइएका शरणार्थीहरूले पनि आफूले भोग्नुपरेको चुनौतीप्रति निराशा व्यक्त गर्ने गरेका छन्। युद्धग्रस्त अफगानिस्तानको कमजोर अवस्थाबारे गुनासो गर्दै अर्का निर्वासित खुदादले भने, "मैले कुनै खुसीका दिन देखेको छैन। म सधैं काममा लागे तैपनि मलाई निकालियो।" इरानमा अफगान आप्रवासीको बढ्दो सङ्ख्याको मुख्य कारण अफगानिस्तानको राजनीतिक अस्थिरता र आर्थिक सङ्कट हो। काबुलमा सत्तामा पुगेपछि, इस्लामिक समूहले आधारभूत अधिकारहरू - विशेष गरी महिला र केटीहरूको अधिकारहरूलाई कडा रूपमा प्रतिबन्धित गर्ने नीतिहरू लागू गरेको र त्यसले गम्भीर समस्या निम्त्याएको बताइएको छ।

ह्युमन राइट्स वाचका अनुसार तालिबानले निजामती सेवामा नेतृत्वदायी पदबाट सबै महिलाहरूलाई निष्कासन गरेको छ भने अधिकांश प्रान्तहरूमा छात्राहरूलाई माध्यमिक विद्यालयमा जान प्रतिबन्ध लगाइएको छ।

इस्लामिक स्टेटको अफगान शाखासँग सम्बन्धित सशस्त्र समूहहरूले हजारा, अफगान शिया, सुफी र अन्य जातिहरूलाई लक्षित गरी बम विस्फोट गराएको छ जसमा सयौंको मृत्यु र घाइते भएका छन्। शान्तिसुरक्षाको स्थिति पनि दयनीय छ।

यसअघि वैशाखमा छिमेकी मुलुक पाकिस्तान र इरानमा शरण लिएका नागरिक १ हजार ९४ जना अफगानी नागरिक स्वदेश फर्किएको शरणार्थी तथा स्वदेश फिर्ता मन्त्रालयले जनाएको छ।

शरणार्थी तथा स्वदेश फिर्ता मन्त्रालयको आधिकारिक तथ्याङ्क अनुसार सन् २०२१ को अगस्टदेखि मूलतः छिमेकी देशहरूबाट छ लाख ५३ हजार भन्दा बढी अफगान शरणार्थीहरू अफगानिस्तान फर्किएका भने केही अन्य देश निर्वासित भएका छन्।

# नेपाल युएईसँग पराजित

काठमाण्डु । संयुक्त अरब इमिरेट्स (युएई) विरुद्धको पहिलो एक दिवसीय अन्तर्राष्ट्रिय क्रिकेटमा प्रतियोगितामा नेपाल पराजित भएको छ । कीर्तिपुर स्थित त्रिवि क्रिकेट मैदानमा आज भएको खेलमा नेपाल युएईसँग ८४ रनले पराजित भएको हो ।



युएईले दिएको दुई सय ६४ रनको लक्ष्यसहित जवाफी ब्याटिङमा उत्रेको नेपाल ५० ओभरमा ९ विकेट गुमाएर एक सय ७९ रनमा समेटियो । खेलमा अर्जुन साउद र दीपेन्द्र सिंह ऐरीले अर्धशतकीय इनिङ खेले । ऐरीले सर्वाधिक ५४ रनको योगदान दिए। एक दिवसीय अन्तर्राष्ट्रिय खेलमा डेब्यु गरेका साउदले ५१ रन जोडे । नेपालका कप्तान रोहित पौडेल १ रनमा आउट हुँदा आसिफ शेखले १२ तथा अर्का डेब्यु खेलाडी हरिशङ्कर साहले ८ रन बनाए।

कुशल भुर्तेल ६, सोमपाल कामी ३, करण केसी ३ तथा ज्ञानेन्द्र मल्ल शून्य रनमा आउट भए । गुलशन झा १९ रनमा अविजित रहे भने ललित राजवंशीले अविजित ६ रन बनाए।

युएईका आयन अफजल खानले ४ विकेट लिए भने बसिल हामिदले २ तथा जाहोर खान, रोहन मुस्ताफा र अहमेद राजाले समान १/१ विकेट लिए।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको युएईले निर्धारित ५० ओभरमा ७ विकेट गुमाएर २६३ रन बनाएको थियो । युएईका लागि रोहन मुस्तफाले सर्वाधिक ५३ रन जोडेका थिए भने मुहमद वासिमले ४४ रन जोडे । यसैगरी वृत्य अरविन्दले ४० रन बनाए भने एलिशन शाराफुले २९ तथा अहमेद राजाले अविजित २७ रन बनाए। आयन हफ्जल खानले २६ रन जोड्दा बसिल हामिदले १४ रन तथा कप्तान सिपी रिजवान २ रनमा आउट भए।

नेपालका गुलशन झाले २ विकेट लिए भने सोमपाल कामी र दीपेन्द्र सिंह ऐरीले समान १/१ विकेट लिए। यस जितसँगै युएईले तीन खेलको एक दिवसीय सिरिजमा १-० को अग्रता बनाएको छ। अब युएई र नेपालबीचको दोस्रो एक दिवसीय अन्तर्राष्ट्रिय खेल यही कात्तिक ३० गते हुनेछ ।रासस

# भलिबलमा उदाउँदा रवि

बागलुङ । अन्तर्राष्ट्रिय भलिबल प्रतियोगिताका लागि यू-२३ राष्ट्रिय टिमको खुला छनोटमा परेपछि रवि केसीखेल करिअरको नयाँ मोडमा आइपुग्न भएको छ।



बङ्गलादेशको राजधानी ढाकामा हुने 'बङ्गबन्धु एसियन यू-२३ सेन्ट्रल एसियन जोन अन्तर्राष्ट्रिय पुरुष भलिबल प्रतियोगिता'का लागि पहिलो चरणमा छानिएका २० खेलाडीमध्ये उहाँ अग्रस्थानमा छन् । उहाँ आइतबारदेखि बन्द प्रशिक्षणमा हुनुहुन्छ।

नेपाल भलिबल सङ्घले खुला छनोटबाट आएका खेलाडीलाई एक महिनाको अभ्यासपछि अन्तिम १४ मा फाईं राष्ट्रिय टोली निर्माण गर्नेछ। उक्त टोली आगामी पुस ५ देखि ११ गतेसम्म बङ्गलादेशमा सञ्चालन हुने अन्तर्राष्ट्रिय खेलमा नेपालका तर्फबाट भाग लिनेछ।

बङ्गलादेश भलिबल फेडेरेसनको आयोजना तथा सेन्ट्रल एसियन भलिबल एशोसिएसनको संयोजनमा प्रतियोगिता हुन लागेको हो। नेपालले पहिलो पटक यू-२३ राष्ट्रिय टोली निर्माण गरी भाग लिन लागेकोप्रतियोगिता खेल्न पाउनेमा २२ वर्षीय केसी इच्छुक हुनुहुन्छ। "खेलाडीका रूपमा अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्ने इच्छा थियो",केसीले भन्नुभयो, "टोलीमा पक्कै पर्छु भन्ने लागेको छ, मेहनत पनि त्यसै अनुसार गरिहेको छु।"

दुई वर्षअघि काठमाडौँमा सम्पन्न भएको 'एनभिए कप'बाट उनले राष्ट्रियस्तरको प्रतियोगितामा रविले डेब्यु गर्नु भएको थियो । गलकोट स्पोर्ट्स क्लबबाट प्रतियोगितामा उत्कृष्ट खेल्दै धेरैको मन जित्नु भएको थियो । ओपन स्पाइकर रविले त्यसता 'टाइगर कप' हुँदै हाले सम्पन्न नवौं राष्ट्रिय खेलकुदमा गण्डकी प्रदेशबाट खेल्नुभएको थियो । १४-१५ वर्षको उमेरदेखि भलिबल खेल सुरु गर्नुभएका केसीले अहिलेसम्म कुनै औपचारिक प्रशिक्षण भने लिनुभएको छैन।

"प्रतियोगिताका बेला हुने सामान्य अभ्यासबाहेक नियमित प्रशिक्षण लिने अवसर पाएको छैन", उहाँले भन्नुभयो, "अहिलेसम्म कुनै क्लबमा पनि आवद्ध भएको छैन ।" यहाँको गलकोट नगरपालिका-७ मल्ममा जन्मनु भएका केसी गाउँमै भलिबल खेल्दै र सिक्दै आउनुभएको हो । जिल्ला भलिबल सङ्घ बागलुङका अध्यक्ष योगश भण्डारीले खेल कौशल र अनुशासनमा केसी अब्बल रहेको बताउनुभयो । "अब अन्तिम १४ मा परेर रविले अन्तर्राष्ट्रिय प्रतियोगिता खेल्नेमा हामी विश्वस्त छौं", अध्यक्ष भण्डारीले भन्नुभयो,"उनलाई राष्ट्रिय टोलीमा पार्न हाम्रो प्रयत्न रहन्छ।"

रविलाई सानैदेखि भलिबलतिर आकर्षित गर्न सुरेन्द्र केसीको नाम अघि आउँछ। उहाँ हाल गलकोट भलिबल टिमका प्रशिक्षक समेत हुनुहुन्छ । रवि र सुरेन्द्रले सँगैसँगै थुप्रै प्रतियोगिता खेलेर टोलीलाई जिताउनु भएको छ।

"रविले सुरुमा वडास्तरीय प्रतियोगिताबाट खेल जीवन सुरु गर्नु भएको हो, मैले नै धेरै ठाउँमा उनलाई अघि सारेर भलिबल सिकाएको हुँ", प्रशिक्षक केसीले भन्नुभयो, "रविकुशल स्पाइकर हुन्, अनुशासन र इमान्दारिता उनको अर्को सम्पत्ति हो।"रासस

# एलन मस्कले ट्विटर प्रयोगकर्तासँग मागे माफी



एजेन्सी

काठमाण्डु । आइतबार एक ट्वीटमा, ट्विटरका नयाँ मालिक एलन मस्कले माइक्रोब्लगिङ वेबसाइट 'अत्यधिक ढिलो' भएकोमा प्रयोगकर्ताहरूसँग माफी मागेका छन् । एक ट्वीटमा मस्कले भनेका छन्, 'धेरै देशमा ट्विटर निकै ढिलो भएकोमा म माफी चाहन्छु ।'

यसपछि उनले ढिलो हुनुको प्राविधिक कारण बताए। यसका साथै उनले ट्विटरमा धेरै फेक प्रोफाईललाई सम्बोधन गर्न नयाँ फिचर ल्याउने पनि बाचा गरेका छन्।

उनले ट्विटरमा भनेका छन्, ' ट्विटरले संस्थाहरूबाट जानकारी लिनेछ कि कुन ट्विटर अकाउन्ट उनीहरूसँग सम्बन्धित छन्।'

विगतमा, ट्विटरले आफ्नो भेरिफिकेसन कार्यक्रम बन्द गर्नुपरेको थियो किनभने धेरै प्यारोडी र नक्कली खाताहरूले ८ डलर शुल्क तिरेर आफ्नो खाता प्रमाणीकरण गरेका थिए।

त्यसपछि ट्विटरको यो योजनाको आलोचना हुन थाल्यो र यसलाई तत्काल प्रभावबाट रोक्नुपर्यो।

# इस्तानबुलमा भएको आक्रमणमा आतङ्ककारीको हात छ : राष्ट्रपति एर्डोगान

सिन्ह्वा

इस्तानबुल। टर्कीको इस्तानबुलमा भएको आक्रमण आतङ्ककारीहरुले गराएको टर्कीको आशङ्का रहेको छ। यहाँका राष्ट्रपति रिसेप तैयप एर्डोगानले सो कुरा बताउनुभएको हो। उहाँले यो कार्य आतङ्ककारीहरुबाट भएको हो र यो आतङ्ककारी कार्य हो भन्नुभयो।

आइतबार इस्तानबुलमा आयोजित एक पत्रकार सम्मेलनमा उहाँले भन्नुभएको छ- अहिले नै यसो भन्न त हतार हुनसक्छ, त्यसैले मैले सय प्रतिशत नै आतङ्ककारी हमला त भन्न सक्दिन, तर पनि यो काम आतङ्केकारीकै हो भन्ने हाम्रो प्रारम्भिक अनुसन्धानले देखाएको छ। उहाँले जि२० को सम्मेलनमा सहभागी हुन इन्डोनेसिया जानुअघि इस्तानबुलमा आयोजित सो पत्रकार सम्मेलनमा उहाँले सो प्रतिक्रिया दिनुभएको हो।

उहाँले यो आक्रमणको पूर्ण अनुसन्धान त जारी नै छ तर अहिलेसम्मको अवस्था हेर्दा कुनै एकजना महिलाले आत्मघाती हमला गराएको जस्तो देखिएको पनि बताउनुभयो।

टर्कीको इस्तानबुल सहरमा आइतबार अपराह्न बम आक्रमण भएको थियो।

अज्ञात व्यक्तिबाट भएको सो हमलामा परेर कम्तीमा पनि छ जनाको ज्यान गएको छ भने अरु ५३ जना घाइते भएका छन्।

# चिनियाँ प्रधानमन्त्री र संयुक्त राष्ट्रसङ्घीय महासचिवबीच भेटवार्ता

सिन्ह्वा

नोम् पेन्ह । चिनियाँ प्रधानमन्त्री ली खछ्याङ र संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरसबीच भेटवार्ता भएको छ । उहाँहरुका बीचमा बहुपक्षी विषयका साथै जलवायु परिवर्तनका विषयमा कुराकानी भएको बताइएको छ ।त्यस अवसरमा उहाँहरुका बीचमा विश्व शान्ति र विकासका क्षेत्रमा संयुक्त राष्ट्रसङ्घको भूमिकाका विषयमा कुराकानी भएको चिनियाँ समाचार संस्था सिन्ह्वाले बताएको छ।

चीन संयुक्त राष्ट्रसङ्घको स्थायी सदस्यका साथै विश्वको एक आर्थिक शक्ति राष्ट्रका रुपमा संयुक्त राष्ट्रसङ्घसँग निरन्तर सम्पर्कमा रहिहने पनि प्रधानमन्त्री खछ्याङले जानकारी दिनुभएको थियो।

तेस्रो विश्वका देशहरुलाई ऋण तथा अन्य आर्थिक सहायताका क्षेत्रमा संयुक्त राष्ट्रसङ्घले सहजीकरण गरिरहेको र यसमा अझै सहयोग पुऱ्याउनु पर्ने पनि सो अवसरमा चिनियाँ प्रधानमन्त्रीले जोड दिनुभएको थियो।

त्यस भेटका अवसरमा महासचिव गुटेरसले विश्वमा जलवायु परिवर्तनका क्षेत्रमा पर्दै गएको असरका बारेमा चीनसँग आफ्ना धारणा राख्नुभएको थियो । यसतर्फ विश्वलाई नै सचेत गराउनुपर्ने आवश्यकता रहेकोमा महासचिव गुटेरसले चिनियाँ प्रधानमन्त्री खछ्याङ्को ध्यानाकर्षण गराउनुभएको थियो।

# जी २० शिखर सम्मेलनमा सहभागी हुन सी इन्डोनेसियामा

सिन्ह्वा

बाली । चिनियाँ राष्ट्रपति सी चिनफिङ जी२० शिखर सम्मेलनमा भाग लिन सोमबार इन्डोनेसिया पुग्नु भएको छ । जी२० शिखर सम्मेलन मङ्गलबार विश्वव्यापी स्वास्थ्य संरचनालाई सुदृढ पार्ने, दिगो ऊर्जा सङ्क्रमणको गति बढाउने र डिजिटल रूपान्तरणको प्रवर्द्धनमा केन्द्रित हुने बताइएको छ।

यसपछि थाइल्याण्डको राजधानी बैंककमा एसिया-प्यासिफिक इकोनोमिक कोअपरेसन इकोनोमिक लिडर हरुको बैठक हुनेछ।

# श्रीलङ्काले विदेशी लगानी आकर्षित गर्न नयाँ आर्थिक क्षेत्र स्थापना गर्ने

सिन्ह्वा

कोलम्बो। श्रीलङ्काले विदेशी लगानी आकर्षित गर्न नयाँ आर्थिक क्षेत्र स्थापना गर्ने जनाएको छ। श्रीलङ्काका राष्ट्रपति रानिल विक्रमासिङ्घेले विदेशी लगानी आकर्षित गर्न श्रीलङ्काका पश्चिमी र उत्तर पश्चिमी प्रान्तका साथै हम्बनटोटा र त्रिन्कोमाली जिल्लामा नयाँ आर्थिक क्षेत्र स्थापना गर्ने सोमबार बताउनुभएको हो।

राष्ट्रपति विक्रमासिङ्घेले सन् २०२३ को बजेट संसद्मा प्रस्तुत गर्दै क्रममा प्रत्येक क्षेत्रका लागि कम्तीमा एक हजार 'एकड' जमिन छुट्याइने बताउनुभएको छ। उहाँले लगानी र बाह्य व्यापार प्रवर्द्धनका लागि अनुकूल वातावरण सिर्जना गर्न नयाँ एजेन्सी स्थापना गरिने बताउनुभयो।

आगामी १० वर्षमा वार्षिक तीन अर्ब अमेरिकी डलर बराबरको प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउने श्रीलङ्काको योजना रहेको उहाँले बताउनुभयो। राष्ट्रपति विक्रमासिङ्घेले सरकारी राजस्व वृद्धि का लागि सार्वजनिक सेवा र करसम्बन्धी मूल्याङ्कन र सिफारिस गर्न राष्ट्रपति आयोग गठन गरिने बताउनुभयो। उहाँले परिमाणात्मक र गुणात्मक तथ्याङ्को आधारमा उत्पादकत्वका विषयमा अनुसन्धान र अध्ययन गर्न राष्ट्रिय उत्पादकत्व आयोग गठन गर्न पनि प्रस्ताव गर्नुभयो। आयोगले व्यापार समायोजन कार्यक्रमका सम्बन्धमा सुझाव दिने र उद्योग, वाणिज्य र व्यापारसम्बन्धी लघु आर्थिक नीतिका सम्बन्धमा सरकारलाई सुझाव दिनेछ।

अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) ले प्रस्ताव गरेको सुधार आर्थिक स्थायित्वमा केन्द्रित भएकाले सरकारको आर्थिक सुधार अन्तर्राष्ट्रिय मुद्रा कोष (आईएमएफ) सँग भएको सम्झौतामा मात्र सीमित नहुने उहाँले बताउनुभयो। सरकारले सुधार र आधुनिकीकरणमार्फत सात देखि आठ प्रतिशतको उच्च आर्थिक वृद्धिदर हासिल गर्ने अपेक्षा गरेको विक्रमासिङ्घेले बताउनुभयो।

# पदक विजेता खेलाडी सम्मानित


काठमाण्डु । ललितपुर जिल्ला खेलकुद विकास समितिले गण्डकी प्रदेशमा भएको नवौं राष्ट्रिय खेलकुदका पदक विजेता ललितपुरका खेलाडीलाई सोमबार नगदसहित सम्मान गरेको छ।

विभिन्न १९ खेलका स्वर्ण, रजत र कास्य पदक विजेता गरी जम्मा ७३ जनालाई सम्मान गरिएको हो।

ललितपुरका खेलाडीले २० स्वर्ण, ३१ रजत र २२ कास्य पदक जितेका थिए। स्वर्ण पदक जित्नेलाई पाँच हजार, रजतलाई तीन हजार र कास्यलाई दुई हजार नगदसहित प्रशंसापत्र प्रदान गरियो।

नेपाली काँग्रेसका केन्द्रीय सदस्य मदनबहादुर अमात्य, ललितपुर क्षेत्र नं २ (२)का नेपाली काँग्रेसका उम्मेदवार रामकृष्ण चित्रकार, ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जन, गोदावरी नगरपालिकाका प्रमुख गजेन्द्र महर्जन, ललितपुर जिल्ला खेलकुद विकास समितिका अध्यक्ष विनोद महर्जनलगायतले खेलाडीलाई सम्मान गर्नुभयो ।रासस

हार्दिक श्रद्धाञ्जली



जन्म वि.सं. १९९८/०४/०३
स्वर्गारोहण २०७९/०७/१७

स्व. लक्ष्मी साह केसरी

हाम्रो कम्पनीका आधिकारिक बिक्रेता केसरी सप्लार्यस एण्ड इलेक्ट्रोनिक्स प्लाजा, गौर का प्रोप्राइटर श्री सन्तोस केसरी ज्यूको श्रद्धेय पिता स्व. **लक्ष्मी साह केसरी** ज्यू को असामयिक निधन भएको आज १३ औं दिनको पुण्यतिथीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दछौं ।

CG ELECTRONICS
परिवार

# डलरमा चुनावी प्रचार, नियमन न कर

काठमाण्डु । प्रतिनिधि र प्रदेशसभा निर्वाचनका लागि अब एक हप्ता मात्रै बाँकी छ । उम्मेदवारहरू आफ्ना कार्यकर्ताका दलबलसहित चुनावी प्रचारमा व्यस्त छन् । मतदाता रिझाउने सबैको आफ्नै लगन र शैली जारी छ । त्यसमा आधुनिक सूचना प्रविधिको प्रयोग पनि भरपूर देखिन्छ । फेसबुक, ट्वीटर, इन्स्टाग्राम, टिकटकलगायत सामाजिक सञ्जाल र इन्टरनेटमा आधारित अन्य प्लेटफर्ममार्फत प्रचार चलिरहेका छन् । जुन स्वभाविक एवं आवश्यकता नै भइसक्यो । तर 'चुनावमय सञ्जाल'का अन्तरकुन्तर खोज्दा त्यहाँ समस्याका अनेकौं गाँठा भेटिन्छन्। सञ्जालमा चलिरहेका चुनाव केन्द्रित गतिविधि केलाउँदा आर्थिक पाटोसम्म पुग्छ। राज्यसंयन्त्र एवं नियामकको कमजोरीदेखि विधायकी भूमिकामा जान प्रतिस्पर्धा गरिरहेका उम्मेदवारले मौजुदा कानून र वित्तीय अनुशासनमा ध्यान नदिएको देखिन्छ।

सामाजिक सञ्जाल फेसबुक सञ्चालन गरिरहेको मेटाले सार्वजनिक गरेको 'मेटा एड लाइब्रेरी रिपोर्ट' अनुसार गत सेप्टेम्बरदेखि नोभेम्बर ११ तारिक (सोमबार दिउँसो १२ बजेरसम्ममा) पाँच हजार पाँच सय ६० फेसबुक पेज र प्रोफाइलबाट चुनावी विज्ञापन 'बुस्ट' गरिएको छ । यो सङ्ख्या निर्वाचन र राजनीतिक क्षेत्रसँग जोडिएका विषयबारे मात्रै गरिएको सशुल्क विज्ञापनको हो। आज दिउँसोसम्ममा कूल ६७ हजार ३६ अमेरिकी डलर बराबर खर्च भइसकेको मेटाको विवरणमा देखिन्छ।

व्यावसायिक, शैक्षिकलगायत प्रयोजनका लागि गरिएका फेसबुक विज्ञापन यसमा समावेश छैनन् । चुनावी मैदानमा रहेका उम्मेदवारहरूले आफ्ना लागि मत माग्नेदेखि प्रतिस्पर्धीलाई आलोचना गर्नेसम्मका सामग्रीहरू फेसबुकमा 'बुस्ट' गरिरहेका छन् । जसकारण न्युजफिडमा 'स्पोन्सर्ड पोस्ट' अर्थात् पैसा तिरेर विज्ञापन गरिएका चुनावी सामग्री बग्रेल्ती भेटिन्छन् । त्यसरी विज्ञापन गर्दा अमेरिकी डलरमा भुक्तानी गर्नुपर्छ।

केन्द्रीय बैंकले विदेशी मुद्रा सञ्चिति घटेका कारण अर्थतन्त्रका अरु सूचक खल्बलिएको बताइरहेको छ । यस्तो बेला डलर तिरेर भोट माग्दा विदेशी मुद्रा सञ्चिति घट्छ र भुक्तानी सन्तुलनमा थप चाप पर्छ। धेरैजसो राजनीतिक दल र उम्मेदवारहरूले विदेशी मुद्रा सञ्चिति बढाउने योजना आफ्ना घोषणापत्रमा समेत राखेका छन् । तर विदेशी मुद्रा सञ्चिति भने उहाँहरूकै कारण घटीरहेको छ।

यी गतिविधिबाट मुद्रा सञ्चिति घट्ने र भुक्तानी सन्तुलन बिग्रने मात्र नभई कानुनको समेत उल्लङ्घन भएको छ। के सामाजिक सञ्जालमा पैसा तिरेर (पेड) भइरहेका सबै चुनावी विज्ञापन वैध र विद्यमान कानुनको दायरा भित्र छन् ? नेपाल राष्ट्र बैंक भन्छ- "सामाजिक सञ्जालमा भइरहेका चुनावी विज्ञापनको कारोबार माथि शङ्का गर्ने ठाउँ छ ।' नेपाल राष्ट्र बैंक विदेशी विनिमय व्यवस्थापन विभागका कार्यकारी निर्देशक रामु पौडेलकाअनुसार नेपालभित्र बसोबास गरिरहेका व्यक्तिले वार्षिक पाँच सय डलर बराबर खर्च गर्नसक्ने गरी डलर कार्ड सुविधा दिइएको छ। "नेपालबाट खर्च गर्न पाउने भनेको वार्षिक पाँच सय डलरसम्म हो। तर कसैले वार्षिक पाँच हजार डलर कमाएको छ भने त्यस्तो अवस्थामा क्रेडिट कार्डबाट थप खर्च गर्ने सुविधा पाउन सकिन्छ', पौडेलले भन्नुभयो। तर उम्मेदवारहरूले फेसबुक विज्ञापन गर्न एकजनाले तीन हजार एक सय अमेरिकी डलरसम्म खर्चेका छन्। अर्थात् डलर कार्डमार्फत् खर्च गर्न पाउने सीमाभन्दा बढी कसरी खर्च भइरहेको छ । डलर कार्ड नहुनेले विदेशमा बस्ने आफन्त, साथीभाइहरूमार्फत भुक्तानी गर्न लगाउने गरेको र विदेशमा बस्नेले पनि निश्चित प्रतिशत शुल्क लिएर यस्तो रकमको भुक्तानीमा सहयोग गर्ने गरेको सरकारी निकायकै अध्ययनबाट देखिन्छ । मन्त्रिपरिषद्को गत असोज ११ को निर्णयबाट खारेज भएको नेपाल राजस्व परामर्श समितिले तयार पारेको अनलाइन व्यवसायमा करारोपणसम्बन्धी अध्ययन प्रतिवेदन, २०७९ मा भनिएको छ, "सामाजिक सञ्जालमा गरिने विज्ञापन सेवा खरिद गर्न विदेशबाटै रकम भुक्तानी गर्ने र सोबाफतको रकम नेपालमा रहेका आफन्त वा साथीभाइलाई भुक्तानी गर्दै आइरहेका छन्।'


निर्वाचन प्रचारका लागि फेसबुकमार्फत् हुने खर्चमा निगरानी राख्न निर्वाचन आयोगले मेटासँग सम्झौता गरेको छ। फेसबुक पोस्ट बुस्ट गर्न भएको खर्चको विवरण उम्मेदवारले आयोगलाई बुझाउनुपर्छ । राष्ट्र बैंकको नियमअनुसार डलर कार्डबाट भुक्तानी गर्न पाइने पाँच सय डलरको अधिकतम सीमा उल्लङ्घन भएको र विदेशबाट भुक्तानी गर्न लगाएर नेपालमा त्यसको खर्च विवरण बुझाएको दुवै अवस्थामा यो नेपालको मौजुदा कानून विपरित हुन जान्छ।

**अर्को नीतिगत प्रश्न**

नेपालभित्र सेवा दिईरहेका सामाजिक सञ्जाललाई करको दायरामा आउन नसक्दा ठूलो परिमाणमा राजस्व गुमिरहेको सरकारी अध्ययनले नै देखाएको छ । राजस्व परामर्श समितिले तयार पारेको 'राजस्व दायरा बृद्धिका सम्बन्धमा अध्ययन गरी तयार पारिएको प्रतिवेदन, २०७९' अनुसार पछिल्ला वर्षमा सामाजिक सञ्जालमा विज्ञापन गर्नेक्रम निकै बढेको छ। प्रतिवेदनमा भनिएको छ, "नेपालमा कानुनी रुपमा दर्ता नभएका सामाजिक सञ्जालमा विज्ञापन गर्ने प्रवृत्ति ह्वात्तै बढेको छ। त्यस्ता सामाजिक सञ्जालहरूले वार्षिक अर्बौं रुपैयाँ नेपालबाट विदेशतर्फ लगिरहेका छन्।'

सामाजिक सञ्जालहरूले नेपालबाट ठूलो रकम लगिरहेको र त्यसलाई करको दायरमा ल्याउनुपर्ने राजस्व परामर्श समितिको सुझावपछि सरकारले चालु आर्थिक वर्ष २०७९/८० को बजेटमा नेपाल बाहिरबाट विद्युतीय सञ्जालको प्रयोग गरी नेपालभित्र आर्थिक क्रियाकलाप सञ्चालन हुनेक्रम बढ्दै गएको सन्दर्भमा त्यस्ता व्यवसाय वा कारोबारलाई करको दायरामा ल्याउने उल्लेख गरेको छ। त्यस्तै, आर्थिक ऐन, २०७९ मार्फत् विद्युतीय सेवा कर (डिजिटल सर्भिस ट्याक्स) सम्बन्धी पहिलोपटक व्यवस्था गरिएको आन्तरिक राजस्व विभागका महानिर्देशक रितेश कुमार शाक्य बताउनुहुन्छ । "नेपालका उपभोक्तालाई उपलब्ध गराएको विद्युतीय सेवामा कारोबार रकमको दुई प्रतिशतका दरले डिएसटी (डिजिटल सर्भिस ट्याक्स) र १३ प्रतिशत भ्याट (मूल्य अभिवृद्धि कर) लाग्छ', महानिर्देशक शाक्यले भन्नुभयो, "केही कम्पनीहरूले निवेदन दिएर दर्ताको पक्रियामा छन् भने केहीले दर्ताका लागि चासो देखाइरहेका छन् । उनीहरू दर्ता भएर आइसकेपछि कारोबारमा कर लगाउने हो ।' नेपालमा सेवा दिइरहेका सामाजिक सञ्जाल तथा इन्टरनेटमा आधारित कम्पनी दर्ताका लागि विभागले डिजिटल पोर्टल खोलेको पनि महानिर्देशक शाक्यको भनाइ छ।

राजस्व परामर्श समितिको प्रतिवेनदले डाटा पोर्टल डट कमको तथ्याङ्कलाई उद्धृत गर्दै सन् २०२२ सम्ममा फेसबुकका नेपालमा एक करोड ३३ लाख प्रयोगकर्ता रहेको उल्लेख गरेको छ।रासस




# सवस्टेशन र प्रसारण लाइन निर्माण सुरु

म्याग्दी । म्याग्दी र राहुघाट नदीमा निर्माणाधीन तथा निर्माणको क्रममा रहेका आयोजनाबाट उत्पादन हुने विद्युत्लाई राष्ट्रिय प्रणालीमा आबद्ध गराउन सवस्टेशन र प्रसारण लाइन निर्माण सुरु भएको छ।

नेपाल विद्युत् प्राधिकरणले मालिका गाउँपालिका-७ विमदेखि रघुगङ्गा गाउँपालिका-३ राहुघाटको अम्वाङ जोड्ने १३२ केभी क्षमताको प्रसारण लाइन र दुवै ठाउँमा सवस्टेशन निर्माण थालेको हो । सवस्टेशन र राहुघाट जोड्ने प्रसारण लाइन निर्माण सुरु भएसँगै अनुमति लिएर बसेका प्रवर्द्धक सक्रिय भएका छन् । विद्युत् प्राधिकरणको डाँडाखेत-राहुघाट प्रसारण लाइन आयोजनाका प्रमुख रोशन अग्रवालले दुवै ठाउँमा जग्गा व्यवस्थापनको काम सकेर सवस्टेशनका उपकरण राख्ने ठाउँ बनाउन सुरु भएको र प्रसारण लाइनका टावर रहने ठाउँको जग्गा अधिग्रहण प्रक्रिया थालिएको जानकारी दिनुभयो।

सन् २०२१ को डिसेम्बर ३१ मा भारतीय कम्पनी लार्सन एण्ड टियुब्रो (एलएनटी)सँग २६ मिलियन अमेरिकी डलरमा सवस्टेशन र प्रसारण लाइन निर्माणका लागि ठेक्का सम्झौता भएको थियो । आयोजनाको ठेक्का अवधि ३० महिनाको छ। ठेकेदार कम्पनीले स्थलगत सर्वेक्षण र जग्गा व्यवस्थापनको काम सकेर पूर्वाधार निर्माणलाई तीव्रता दिएको जनाएको छ । पच्चीस किलोमिटर दूरीको १२ केभी क्षमताको डबल सर्किट प्रसारण लाइनको ७७ वटा टावर निर्माण हुनेछन् । टावर निर्माण हुने जग्गाको पहिचान र नाचजाँच तथा अधिग्रहणका लागि मुआब्जा वितरणको काम भइरहेको छ।

रघुगङ्गा गाउँपालिकाको वडा नम्बर ३, बेनी नगरपालिकाको ९, १० मङ्गला गाउँपालिकाको वडा नम्बर १, मालिकाको वडा नम्बर ६ र ७ मा प्रसारण लाइनको टावर निर्माण हुनेछन्। डाँडाखेत सवस्टेशनमा १३३/३३ केभी, ३० एमभिए क्षमता र एआइएस प्रविधिको उपकरण जडान गरिने भएको छ।

२२०/१३२/३३ केभी, २०० एमभिए क्षमताको उपकरण जडान हुने राहुघाट सवस्टेशन जिआइएस प्रविधिको हुने आयोजना प्रमुख अग्रवालले बताउनुभयो । एशियाली विकास बैंकको ऋणमा प्रसारण लाइन र सवस्टेशन निर्माण गर्न लागिएको हो । डाँडाखेतमा सवस्टेशन बनाउन पाँच वर्षअघि ५१ रोपनी र राहुघाटको अम्बाङमा करिब ९० रोपनी जग्गा अधिग्रहण गरेर प्रारम्भिक चरणको पूर्वाधार निर्माण भएको छ।

दुवै ठाउँमा जग्गा व्यवस्थापन, घेराबार, पहुँचमार्गका साथै डाँडाखेतमा गार्ड र कर्मचारी आवासगृह भवनसमेत निर्माण भएको छ। म्याग्दी नदीमा १७२.८ मेगावाट क्षमताको चार वटा जलविद्युत् आयोजना निर्माण सुरु भएका छन्।

संसारको सातौँ अग्लो धौलागिरि हिमालको फेदीबाट बग्ने म्याग्दी नदीमा दुई वटा आयोजनाले पूर्वाधार निर्माण सुरु गरेका छन् । थप दुई वटा आयोजनाले लगानी जुटाएर पूर्वाधार निर्माणको तयारी गरेका हुन् । राहुघाटमा ३५.५ मेगावाटको राहुघाट मङ्गले र ४८.५ मेगावाट क्षमताको अपर राहुघाट, २१.३ मेगावाट क्षमताको ठूलोखोला र ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजना निर्माणाधीन छन् । ५.५ मेगावाट क्षमताको बगरखोला, ४.७५ मेगावाटको स्यानोखोला, ४.९० मेगावाटको अपर ठूलोखोला र १५ मेगावाटको माथिल्लो ठूलोखोला जलविद्युत्आयोजनानिर्माणकोचरणमा छन्।रासस

# सुनको मूल्य घट्यो

काठमाण्डु । सुनचाँदी बजारमा सोमबार छापावाल सुनको मूल्य अघिल्लो कारोबार दिनका तुलनामा प्रतितोला रु एक सयले घटेर रु ९७ हजार दुई सय कायम भएको छ।

सुनको मूल्य अघिल्लो आइतबार प्रतितोला रु ९७ हजार तीन सयमा कारोबार भएको थियो । नेपाल सुनचाँदी व्यवसायी महासङ्घले सार्वजनिक गरेको विवरणानुसार सोमबार तेजाबी सुनको मूल्य प्रतितोला रु ९६ हजार सात सय कायम भएको छ। आइतबार तेजावी सुनको मूल्य अघिल्लो दिन प्रतितोला रु ९६ हजार आठ सय थियो ।

त्यस्तै सोमबार चाँदीको मूल्य अघिल्लो कारोबार मूल्यका तुलनामा प्रतितोला रु पाँचले घटेर रु एक हजार दुई सय ९५ तोकिएको महासङ्घले जनाएको छ।रासस



# Invitation for Quotations

**Government of Madhesh Province**

**Ministry of Land Management, agriculture and Cooperatives**

**Directorate of Livestock and Fisheries Development**

## Veterinary Hospital and Livestock Service Expert Center

**Invitation for Quotations for the Office and Quarter Building Maintenance Work**

**Contract Identification No: VHLSEC/SQ01/2079-080/Works**

**Date of publication: 11-15-2022 (2079-07-29)**

1. The Veterinary Hospital and Livestock Service Expert Centre invites electronic sealed quotations for the construction of Office and Quarter Building Maintenance Work. The estimated amount for the works is Rs. 1448694.97 (Inclusive of VAT).
2. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documentsas mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Sitewww. bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit thecost of NRs 1,000.00 (non-refundable) of bidding document in the Project's Rajaswa (revenue) account asspecified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Name ofthe Bank:** Rastriya Banijya Bank LTD, Janakpur Branch.
   **Name of the Office:** Veterinary Hospital and Livestock Service Expert Center, Janakpurdham, Dhanusha
   **Office Code No.:** 3120217022 **Revenue Head No.:** 14229
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Veterinary Hospital and Livestock Service Expert Centre, Janakpurdham, Dhanusha, vhlsec.dhanusha@gmail.com 041-420179, 9854026021 [or may visit PPMO website www.bolpatra.gov.np.]
4. Electronic Sealed bids must be submitted through e-GP system i.ewww.bopatra.gov.np/egp]on or before 12:00 on 30-11-2022. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend the 30-11-2022, 13:00 at the office of Veterinary Hospital and Livestock Service Expert Center Janakpurdham, Dhanusha. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 41,000.00 which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

## Godaita Municipality

**Office of Municipal Executive**

**Godaita, Sarlahi**

**Madhesh Province, Nepal**

**Contract No: Godaita/Sarlahi/NCB/W/03/079-80**

## Invitation for Bid:-Construction of 15 bed hospital building in Godaita Mun-3

**Date of publication: 15-11-2022 10:00**

1. Godaita Municipality invites electronic bids from eligible bidders for the construction of Construction of 15 bedded hospital building in godaita Municipality-3, simrabhagwatipur under National Competitive Bidding –Single Stage Two Envelope Bidding procedures.
   Only eligible bidders with the following key qualifications should participate in this bidding:
   Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: 13,00,00,000
   Minimum Work experience of similar size and nature: Participation as Prime contractor, management contractor,or subcontractor, in at least One (1) 15 bed hospital with raft foundation of1440 sqm construction work Contract with in the last ten (10) years, with a value of at least NRs 16,00,00,000 that have been successfully or are substantially completed and that are similar to the proposed works. The similarity shall be based on the physical size, complexity, methods, technology or other characteristics as described in Section VI, Works Requirements.
2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separatesealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 21 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents by visiting PPMO e-GP system www.bolpatra.gov.np/egp.
4. Bidder must submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document of a non-refundable fee of 10,000.0 NRs. till 15-12-2022 12:00 during office hours inthe Project's Rajaswa (revenue) account as specified below
   **Information to deposit the cost of bidding document in Bank:**
   **Name of the Bank:** CenturyCommercial Bank Ltd.
   **Name Of the Office :** Office of Municipal Executive, Godaita, Sarlahi
   **Office Code no:** 801021902
   **Office Account no:** 0940000013GE
5. Pre-bid meeting shall be held at Office of Municipal Executive, godaita, Sarlahi at 05-12-2022 13:00 hours.
6. Electronic bids must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 15-12-2022 14:00. Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 15-12-2022 15:00 hours at the office of Godaita Municipality, Office of Municipal Executive, godaita, Sarlahi. Bids must be valid for aperiod of 120 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 52,00,000 which shall be valid for 30 days beyond the validity period of the bid.
   **Name of bank:-** Century commercial Bank Ltd
   **Name of Office:-** Godaita Municipality
   **Office code No:-** 801021902
   **Office Account No:-** 0940000016GE
   **Account Name:-** Dharautikhata Godaita Municipality
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
9. The employer reserves the right to accept or reject wholly or partially any or all bids without assigning any reason, what so over.

**Chief Administrative Officer**

# जनता सचेतना अभियान

**अनिल तिवारी**

वीरगञ्ज । राष्ट्रिय एकता अभियानले जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष तथा प्रतिनिधिसभा सदस्यका उम्मेदवार उपेन्द्र यादवको निर्वाचन क्षेत्रमा बढेको विदेशी जिहादविरुद्ध प्रदर्शन गर्दै जनता सचेतना अभियान सुरु गरेका छन् ।

शनिबार सप्तरीको राजविराजमा अभियानका अध्यक्ष विनय यादवको अध्यक्षता गरिएको प्रदर्शनमा अध्यक्ष यादवले चीन र मधेश प्रदेशका मुख्यमन्त्री राउतले पाकिस्तानको इसारामा जिहादी गतिविधिलाई बढाव दिएको भन्दै चर्को नाराबाजी गर्नुका साथै बुकलेट समेत बाँडेको थियो ।




यसैगरी, आइतबार राजविराज नगरपालिकाको वडा नम्बर ६ मुसहरी गाउँमा घरदैलो कार्यक्रम गर्दै जनतालाई सचेत गराउने कार्य गरिएको अभियानकी राष्ट्रिय उपाध्यक्ष सुनित साहले बताइन ।

चुनाव अवधिसम्म आफूहरुले घरदैलो गर्दै बुकलेट बाड्ने अभियान जारी राख्ने साहको भनाइ छ । गत चुनावमा तत्कालीन यादवको पार्टीका महिला नेत्री रहेकी साह मधेश आन्दोलनको मर्म विपरीत यादव सत्तालिप्सामा लागेकोले आफूहरु उनको विरोधमा उत्रेको बताउदै भनिन,उनलाई जसरी र जुनरुपमा पनि सत्ता चाहिएको छ ,त्यसैले जनमतलाई सचेत गराइ रहेका छौं ।'

अभियानले बाडिरहेको बुकलेटमा 'नेपालमा जिहाद भन्ने कुरा नौलो र कम चर्चामा आएको एउटा यस्तो विषय हो, जसले यहाँको धर्म, संस्कृति र राष्ट्रिय तथा व्यक्तिगत रुपमा सूक्ष्म सुरक्षा चुनौती सिर्जना गरेको छ,' 'भुसको आगो जस्तै सल्किरहेको जिहाद अदृश्य गतिविधि पछिल्लो समयमा अब सतहमा पनि मुखर हुन थालेको उल्लेख छ ।' अभियानद्धारा विवतरीत बुकलेटमा विदेशी जेहादी संगठनहरुबाट मुख्यमन्त्री राउतले करोडौ रुपैया चन्दा लिएको आरोप लगाइएको छ ।

अभियानका अध्यक्ष विनय यादवले तराई मधेश जिहादको निशानामा रहेको दाबी गरे । उनले भने, 'उपेन्द्र यादव नेतृत्वको पार्टी जसपाको संरक्षणमा र मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउतको अगुवाइमा विदेशी जिहाद गतिविधि बढिरहेको छ ।' त्यसबाट सचेत गराउन हामी यो अभियान सुरु गरेका हौ ।'जिहादको नाममा नेपाली चेलीहरुको अपहरण भईरहेको बताउँदै गौ हत्या, गौ तस्करी, मठमन्दिर अतिक्रमण भइरहेको अध्यक्ष यादवले बताए ।उनले जिहादविरुद्ध एउटा जागरणको टड्कारो महशुस गर्दै राष्ट्रहीत र जनहीतमा जागरण अभियान सञ्चालन गरिएको बताए ।

धर्म संस्कृति रक्षाका लागि हिन्दू धर्मलाई नेपालमा संस्थागत गर्नुमा उनले जोड दिदै संघीय हिन्दू गणतन्त्र सहितका व्यवस्था ल्याउन सम्पूर्ण हिन्दुलाई एक भएर आगाडि बढ्नुपर्ने आफुहरुको धारणा रहेको यादवको भनाइ छ ।

# उम्मेदवारको उपेक्षामा राराब

**कमलेश ठाकुर**

जनकपुरधाम । कुनै बेला रामसागर रामस्वरुप बहुमुखी (राराब)क्याम्पसको ठूलो शान थियो । गर्वले त्यहाँबाट पढेको विद्यार्थीहरु परिचय दिने गरेका थिए ।

क्याम्पसको नतिजा निकै राम्रो हुन्थ्यो । यहाँबाट उत्तीर्ण भएका विद्यार्थीहरुको जागिर पक्काजस्तै हुन्थ्यो । त्यतिबेला क्याम्पसले दक्ष विद्यार्थी मात्रै उत्पादन गरेनन्, थुप्रै नेताहरु पनि उत्पादन गरे । प्रथम राष्ट्रपति डा. रामवरण यादवदेखि निर्वतमान नगर प्रमुख लालकिशोर साह पनि त्यही क्याम्पसमा अध्ययन गरेका छन् ।




आसन्न निर्वाचनमा पनि सोही क्याम्पसबाट अध्ययन गरेका एक दर्जनभन्दा बढी अगुवाहरु अहिले चुनावी मैदानमा छन् । तर उनीहरुको चुनावी एजेण्डामा राराब क्याम्पस सुधारको योजना परेको देखिदैनन् ।

अहिले राराब क्याम्पसको पठ्नपाठन एकदमै खस्किएको छ । क्याम्पसमा करिव ६ हजार विद्यार्थी अध्ययनरत रहेको अभिलेख रहे पनि एक हजार विद्यार्थी मात्रै नियमित पढ्न आउने गरेको राजनीतिशास्त्रका प्राध्यापक रामु साह बताउँछन् ।

यसले पनि क्याम्पसको शैक्षिक अवस्था बारे पुष्टि गर्छ । मधेश आन्दोलनपछि विद्यार्थीहरु शतप्रतिशत चोरीमा आश्रित भएको प्राध्यापक साहको भनाइ छ ।

'विद्यार्थीहरु पूर्णत अमर्यादित गर्नमा आश्रित भएका छन् । यसका कारण जुन दिनको परीक्षामा अनुगमन भयो भने विद्यार्थी फेल नै हुन्छन्,'उनले भने,'विद्यार्थीहरु नियमित पढ्न आउने गरेका छैनन् ।'

यहाँको भवन पनि जीर्ण भएको छ । पुस्तकालय प्रयोगविहीन छ । शौचालय र खानेपानीको समस्या त वर्षौंदेखिको छ । अहिले पनि परम्परागत शैलीमै कालो पाटीमा पढाइ हुन्छ । कक्षाकोठाको डेस्क बेञ्चमा माकुराले जालो बनाएका छन् । कक्षाकोठाको भित्ताहरुमा अनावश्यक शब्दहरु लेखिएको छ । दुई दशकदेखि पठ्नपाठन हुने भवन रंगिएका छैनन् । विज्ञान संकाय भवनको बीचमा रहेको चौर पनि भद्रगोल अवस्थामा छ । त्यहाँ कतै रुख ढलेको छ त कतै फोहर जलाइएको छ । पानी ट्याकीबाट चुहिएको पानीहरु पनि अव्यवस्थित छ । ब्याचलर अफ बिजनेस एडमिनिस्ट्रेशन (बीबीए) चौथो वर्षमा अध्ययनरत श्रुति साहले व्यवस्थापनकै कमजोरीले क्याम्पस भद्रगोल अवस्थामा पुगेको बताउँछिन् ।

क्याम्पस प्रमुखसँग पटक-पटक खानेपानी, शौचालय र पठनपाठन सामग्रीको समस्या सुनाए पनि बेवास्ता गरिएको उनको गुनासो छ । 'शौचालय अभाव छ । हामीलाई अर्को भवनमा जानुपर्छ,'उनले भने,'खानेपानीको व्यवस्था छैन् ।' प्रयोगात्मक अभ्यासको लागि विद्यार्थीहरुले प्रस्ताव गर्दा क्याम्पस प्रमुख प्रदीप साहले बेवास्ता गरेको उनले बताइन् । छात्रा विद्याथीहरुको लागि प्याडको व्यवस्था गरिएको छैन् । महिनावारीको समयमा विद्यार्थीहरु अनुपस्थित हुने गरेको श्रुतिले बताइन् ।

प्राध्यापक साहले नेताहरुमा किताबी ज्ञानको अभावमा राराब उपेक्षामा परेको बताउँछन् । 'अहिलेको नेताहरु राजनीतिलाई सेवा न बनाइ व्यवसाय बनाएका छन् । सेवाको भाव नदेखाएर मनमा स्वार्थ पाले,'उनले भने,'अहिलेको नेताहरुमा किताबी ज्ञानको पनि अभाव देखिएको छ । उनीहरु ज्ञानको आधारमा नेता बनेको होइनन्, ढुङ्गा फालेर र टायर बालेर नेता बनेका छन् ।'

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का नेता परमेश्वर साह पनि यही क्यामप्सबाट अध्ययन गरेका छन् । साह अहिले यी क्याम्पस पर्ने क्षेत्र अर्थात धनुषा निर्वाचन क्षेत्र ३ को 'क' बाट प्रदेशसभा सदस्यका उम्मेदवार बनेका छन् । उनी यसयघि पनि एक पटक प्रदेश सांसद भइसकेका छन् । तर उनले शिक्षा सम्बन्धी अधिकार प्रदेश सरकार मातहत नहुँदा सुधार गर्न नसकिएको बताए ।

उनका अनुसार नेपालको संविधानमा प्लस टु सम्मको अधिकार स्थानीय तहलाई र सो भन्दा माथिको अधिकार केन्द्रमै राखेका छन् । 'प्रदेश सरकारले आफ्नो विश्वविद्यालय ल्याउन सक्छ, बनाउँछ । तर पहिलेदेखि सञ्चालनमा रहेको शैक्षिक संस्थामा भौतिक संरचना निर्माण बाहेकको कुनै अधिकार प्रदेशमा दिइएको छैन्,'उनले भने,'कर्मचारी वा शिक्षक सरुवा/बढुवाको अधिकार प्रदेशमा नआउँदा पनि सुधार गर्न कठिनाई देखिएको छ ।'

# मधेश कृषि विश्वविद्यालयमा विधार्थी भर्ना सुरु

**टुडे समाचारदाता**

सप्तरी । मधेश कृषि विश्वविद्यालयले आफ्नो पहिलो शैक्षिक सत्र सुरु गर्ने तयारी प्रारम्भ गरेको छ । सोका लागि कात्तिक २९ गतेदेखि मंसिर २८ गतेसम्म अनलाइन माध्यमबाटै विद्यार्थी भर्ना लिइने जनाइएको छ ।




मधेश प्रदेश सरकारद्वारा गत वर्ष मंसिर २७ गते सप्तरीको राजविराजमा स्थापना गरिएको विश्वविद्यालयले सोमबारबाट खोलिएको नयाँ भर्नामा विद्यार्थीहरुले बी. एस. सी. एजी अर्थात् कृषि विषयमा चार वर्षे स्नातक तहमा भर्ना लिने जनाएको छ ।

विश्वविद्यालयले नयाँ शैक्षिक सत्रमा कक्षा संचालन गर्नका लागि आफ्नो सम्पूर्ण तयारी सहित अनलाइन माध्यमबाटै विद्यार्थी भर्ना खुला गरेको छ ।

विज्ञान विषयमा कक्षा १२ पास गरेका विधार्थीहरुले यो कोर्ष गर्नका लागि भर्ना लिन सकिनेछन । तीन महिना अघि नै कोर्ष डिजाइन गरिएअनुसार विश्वविद्यालयले खासगरी महिला , मधेशी , दलित , अपांग , मुस्लिम लगायतका कोटाहरु समेत छुट्याएर पहिलो वर्ष विएससिएजीको लागि जम्मा ५० सिटमा भर्ना खुलाइएको उपकुलपति डा. वैजनाथ महतोले बताए ।

मधेश कृषि विश्वविद्यालय सञ्चालन अध्यादेश २०७८ अनुसार स्थापित प्रदेश विश्वविद्यालयमा अर्को वर्षदेखि कृषि, भेटनरीको, बागबानी,मत्स्य लगायतको पढाइसँगै कृषिको आधुनिकीकरण, व्यवसायीकरण, औजारीकरणको अध्ययन अध्यापन गराइने डा. महतोले जानकारी दिए ।

विश्वविद्यालयको शैक्षिक गतिविधिले प्रदेशमा वस्तुको उत्पादकत्व बढाउनुका साथै खाद्य तथा पोषण सुधार कृषकहरूको जीविकोपार्जनमा सुधार तथा रोजगारीमा वृद्धि हुने उद्देश्य राखिएको छ,योसँगै विभिन्न समसामयिक विषयमा अनुसन्धान तथा कृषक एवं कृषि प्राविधिकहरुलाई तालिम र प्रविधि प्रसार समेत गरिने बताइएको छ ।

यहाँ पढाइ हुने विषयहरुमा छोरीहरुका निम्ति विशेष छूट दिइने तथा निजी विद्यालयले पनि पढाउन चाहेमा प्रदेश सरकार अनुदान खर्च उपलब्ध गराउने छन । कुनै पनि परिस्थितिमा प्रदेशका जनता प्राविधिक शिक्षाका लागि यही का विद्यार्थी तथा मधेशका छोरीहरुलाई घरवाट टाढाको विश्वविद्यालय जानु नपर्ने र अपेक्षित उद्देश्य प्राप्ति गर्नेछन ।

नेपाल सरकारका पूर्व उपप्रधानमन्त्री उपेन्द्र यादव , मधेश प्रदेश सरकारका अर्थमन्त्री शैलेन्द्रप्रसाद साह नवलकिशोर सामाजिक विकासमन्त्री नवलकिशोर साह र मधेश कृषि विश्वविद्यालयका कुलपति समेत रहेका मधेश प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले संयुक्त रुपमा गत मंसिर २७ गते सप्तरीको राजविराजमा विश्वविधालयको उद्घाटन गरेका थिए ।

# जनताले विकास गर्नसक्ने नेतालाई जिताउने छन : महतो

**बखतियार अलि**



मलंगवा । सर्लाही क्षेत्र नं. २ का प्रतिनिधिसभा सदस्यका लागि चुनाव लडेकालोकतान्त्रिक समाजवादी पाटीका वरिष्ठ नेता तथा पूर्व उपप्रधानमन्त्री राजेन्द्र महतोले जनताले अब जातपातको नारा दिएर चुनाब लडने नेतालाई मतदान नगर्ने बताएका छन ।

सञ्चारकर्मीहरुसंग कुराकानी गर्दै उनले जनताले विकास खाजेको छ, २ दशक देखि यस क्षेत्रबाट चुनाब जितेकाहरुले कुनै विकास गरेका छैनन् । जनताले अब विकास गर्नसक्ने उम्मेदवारलाई मतदानगरीजिताउने विश्वास व्यक्त गरे ।

उनले आफूले यहाँका मतदातालाई आश्वासन नदिएको भन्दै सर्लाही क्षेत्र नं. २ मा आफू भारी मतले विजयी हुने र विजयी भएपछि यस क्षेत्रका जनताले चौतर्फी विकासको अनुभूति गर्ने धारणा राखे ।

उनले अहिले पनि मधेश प्रदेशका जनता धेरै पछाडि छन,शोषित पीडित जनतालाई अधिकार सम्पन्न बनाउन आफ्नो पार्टी सुरु देखि नै काम गर्दै आएको बताए ।

# 'प्रतिस्पर्धीहरूले हदैसम्मको अनर्गल प्रचार गर्दैछन्'

**टुडे समाचारदाता**

राजविराज । जनता समाजवादी पार्टी (जसपा) नेपालका प्रवक्ता मनिष कुमार सुमनले प्रतिस्पर्धीहरूले हदैसम्मको अनर्गल प्रचारबाजी गर्दै आएको बताएका छन् ।

सोमबार पत्रकार सम्मेलनमा उनले हालसम्म कसैले गर्न नसकेको विकासीय कामहरू तथा राजनीतिक आन्दोलनहरूको उपलब्धिले गर्दा जसपाका अध्यक्ष उपेन्द्र यादवको पक्षमा जनलहर रहेकोले उनले दाबी गरे ।



उनले भने 'चुनावी प्रतिस्पर्धामा रहेका प्रतिस्पर्धी उम्मेदवारहरूमा हारको त्रास देखिएको छ, त्यसैले उनीहरू आत्तिएका छन्, त्यसको जवाफ जनताले दिने छन् ।'

निर्वाचन आचारसंहिता विपरीत जसपाका अध्यक्ष यादवलाई लक्षित गरी दुष्प्रचार प्रचार गरिरहेको बताउँदै उनले स्वस्थ प्रचार र स्वस्थ प्रतिस्पर्धा हुनुपर्नेमा जोड दिए ।

जनमत पार्टीका अध्यक्ष डा.सीके राउतले भ्रामक प्रचार गरेको भन्दै उनले सो विषयमा पनि आफ्नो पार्टी र प्रशासनले समेत खण्डन गरिसकेको बताए ।

'अस्ति जनमत पार्टीका अध्यक्ष डा.सीके राउतले स्पष्ट रूपमा एउटा भिडियो सार्वजनिक गर्दै यहाँका प्रशासनले जसपाको पैसा बोक्छ भन्ने भ्रामक प्रचार गरे' उनले भने, 'केही दिनअघि मात्रै एउटा धार्मिक समूहले धर्मकै नाममा हामीमाथि कुप्रचार गरे । सबैलाई थाहा छ, जसपा समाजवाद स्थापना गर्ने, अल्पसंख्यक समुदायको हितमा बोल्ने पार्टी हो ।'

त्यस्तै, यस क्षेत्रमा विकासको लहर ल्याउने तथा समानुपातिक समावेशिताको लागि लड्दै आएको एक सैद्धान्तिक पार्टी रहेको प्रवक्ता सुमनले बताए ।

'हामी अस्वस्थ प्रतिस्पर्धामाथि विश्वास पनि राख्दैनौं, त्यस्ता अस्वस्थ प्रतिस्पर्धा गर्न पनि चाहदैनौं' उनले भने, 'जात-पात र धर्म यी सबैभन्दा माथि उठेर हामी आसन्न निर्वाचनलाई एउटा स्वस्थ निर्वाचनको रूपमा सम्पन्न गर्न उत्प्रेरित छौं ।'

उनले जिल्लामा बाह्य हस्तक्षेप व्यापक बढेको भन्दै निर्वाचनको माहोल नधुमिल्याउन आग्रह गर्दै अन्य उम्मेदवारलाई पनि त्यसरी नै स्वस्थ रूपमा चुनावी प्रचार गर्न सुझाव दिए ।

# बुवाको अधुरो सपना पूरा गर्न उम्मेदवारी : डा. आलम



**राकेश यादव**

रौतहट । निर्वाचन क्षेत्र नम्बर २ का नेपाली कांग्रेसका प्रतिनिधिसभा सदस्य उम्मेदवार डाक्टर मोहमद फिरदोस आलमले बुबाको अधुरो रहेको कामको पूरा गर्नका लागि चुनावी मैदानमा आएको बताएका छन ।

निर्वाचन क्षेत्रमा चुनावको प्रचार प्रसार गर्ने क्रममा राजपुर नगरपालिका ३ पोखरिया डमार टोलमा संचारकर्मीहरु सित संक्षिप्त कुराकानी गर्दै डाक्टर आलमले २०७४ सालमा प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका बुवा मोहम्मद आफताव आलमलाई नेकपा एमालेले पावर र शक्तिको दम्भमा झुठो मुद्दामा फसाएको कारण अधुरो रहेको क्षेत्रको विकास निर्माणको कार्य पूरा गर्नका लागि उम्मेदवारी दिएको बताएका छन् ।

२०६४ साल चैत्र २७ गते भएको बम विस्फोटको घटनामा कुनै प्रमाण नहुँदा हुदै बुवालाई फसाएर नेपाली कांग्रेस लाई नेतृत्वविहीन बनाउने विपक्षीको सोचलाई असफल बनाउने उद्देश्यका साथ प्रहरीको जागिर छोडेर राजनीतिमा आएको उनले बताए ।

भौतिक पूर्वाधार , सिचाई , स्वास्थ्य र शिक्षाको अवस्था अझै बलियो बनाउने आफ्नो सोच रहेको बताउँदै डाक्टर आलमले नेपाली कांग्रेसको सरकार भए मात्र मुलुकमा समृद्धि ,अमनचैन तथा प्रेस स्वतंत्रताको ग्यारेन्टी हुन सकिने दाबी गरे ।

# स्पीड रडार गन बिग्रियो

**रञ्जन यादव**

कलैया । मधेश प्रदेश सरकारले पूर्वपश्चिम राजमार्गमा जडान गरेको सिसीटीभीको रडार गन बिग्रिएको छ ।

पाँच थान जडान गरिएको सिसीटीभी ६ महिना नपुग्दै तीन वटा बिग्रिएर बन्द भएका छन् । तीव्र गति मापन गरेर दुर्घटना न्यूनीकरण गर्ने उद्देश्यले राजमार्गमा जडान गरिएका सिसीटिभी बिग्रिएको दुई महिना वितिसक्दा पनि सञ्चालनमा आउन सकेका छैनन् ।



सिरहाको लहान, सप्तरीको भारदहसहित पाँच स्थानमा जडान गरिएको बाराको निजगढ, पथलैया र महोत्तरीको बर्दिवासमा रहेको आधुनिक प्रविधिको सिसीटीभीको रडार गन मर्मतको अभावमा पुनः सञ्चालनमा आउन सकेको छैन ।

नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय पथलैया बाराका प्रमुख ट्राफिक प्रहरी उपरीक्षक नन्तीराज गुरुङ्गले पथलैयाको सिसीटीभी मर्मतका लागि प्रक्रिया अगाडि बढेको बताए ।

नेपालमै पहिलो पटक एक करोड भन्दा बढी खर्च गरेर मधेश प्रदेश सरकारले पूर्वपश्चिम राजमार्गमा सिसीटीभी जडान गरेको थियो ।

# निशुल्क स्वास्थ्य परीक्षण शिविर

**टुडे समाचारदाता**

वीरगञ्ज । मधुमेह दिवसको उपलक्ष्यमा लायन्स क्लब आफ वीरगञ्ज आदर्शनगर तथा ग्रीन सिटी सामुदायिक सेवा केन्द्रको आयोजनामा नि : शुल्क स्वास्थ्य परीक्षण शिविर सम्पन्न भएको छ ।



आदर्शनगर चोकमा आयोजना भएको उक्त निःशुल्क स्वास्थ्य परीक्षण शिविरमा वीरगञ्ज आसपासका स्थानीय गरी करिब १०० जना भन्दा बढीले आफ्नो स्वास्थ्य परीक्षण गराएको ग्रीन सिटी सामुदायिक सेवा केन्द्रका अध्यक्ष जय प्रकाश खेतानले जानकारी दिए। ।

सो शिविरमा डा निरज सिंह, डा राम अवतार खेतान, डा जगदिश अग्रवाल, ग्रीन सिटी सामुदायिक सेवा केन्द्र सचिव मुरली जलान लगायतको सहभागिता रहेको थियो ।


## आवश्यकता

जनकपुरधामको प्रतिष्ठित अस्पतालमा देहाय बमोजिमको पद पुर्तीको आवश्यकता रहेकाले समयमा सम्पर्क गर्नुहोला ।

| पद | संख्या |
|---|---|
| मेडिकल अफिसर (एमबीबीएस) | एक जना |
| हेल्थ एसिसटेन्ट (एचए) | दुई जना |
| अहेब | एक जना |
| स्टाफ नर्स/अनमी | एक जना |
| रिसेपनिष्ट/कैशियर | एक जना |
| सेक्युरिटी गार्ड | एक जना |

योग्यता : ६ महिनाको अनुभव तथा सम्बन्धित काउन्सिल दर्ता

सम्पर्क

केयर मेडिकल सेन्टर नर्सिङ होम
बागवानी अगाडि जनकपुरधाम
फोन नं. ०४१-५२०२३०/५२३८६४




जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८